# सामुदायिक विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन

विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको

आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

शोधपत्र

शोधकर्ता

चन्द्रमणि पाण्डेय

क्याम्पस क्रमाङ्क :११/२०७०

परीक्षा क्रमाङ्क :२४००००१/२०७२

त्रि.वि. दर्ता नं.  ९-१-२९-११६-२००२

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

२०७५

# विषय सूची

## परिच्छेद एक


**परिचय** १-९

१.१ अध्ययनको पृष्ठभुमि 1

१.२ समस्याको कथन 5

१.३ अध्ययनको औचित्य 6

१.४ अध्ययनको उद्देश्य 7

१.५.अनुसन्धान प्रश्नहरु 7

१.६ अध्ययनका परिसिमाहरु 8

**परिच्छेद दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** १०-१९

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन 10

२.२ अध्ययनको सैद्धान्तिक खाका 16

२.३. पुनरावलोकनको शैक्षिक उपादेयता 18

**परिच्छेद तिन**

**अध्ययन विधि** २०-२४

३.१ अनुसन्धान ढाँचा 20

३.२ जनसंख्या र नमुना छनौट 20

३.३. तथ्याङ्कका स्रोतहरू 22

३.४ तथ्यांकका साधनहरु 22

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया 23

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया 23

## परिच्छेद चार

**तथ्यांकको व्याख्या र विश्लेषण** **२४-४१**

४.१ सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणको वर्तमान अवस्था २५

४.२ सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणले पारेको प्रभावकारिता ३०

४.३ सामुदायिक विद्यालयमा अतिरक्त कक्षा शिक्षणमा देखिएका समस्याहरु ३३

४.४ सामुदायिक विद्यालयमा अतिरक्त कक्षा शिक्षणलाई प्रभावकारी बनाउने उपायहरु ३६

## परिच्छेद पाँच

**निष्कर्ष र सुझाव** **४२-४८**

५.१ निष्कर्ष ४२

५.२ सुझावहरु ४७

५.२.१ नीतिग तह ४७

५.२.२ कार्यान्वयन तह ४७

५.२.३ अनुसन्धान तह ४८

**सन्दर्भग्रन्थ सूची**

**अनुसूचीहरु**

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

शैक्षिक प्रगति गर्न या गुणस्तरीय शिक्षा प्रदान गरी व्यक्ति समाज र देशको स्तरोन्नती गर्न विद्यालयमा अतिरिक्त कक्षाको आवश्यकता रहन्छ । केवल १०:०० देखि ४:०० सम्मको समयले मात्र विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा फड्को मार्न नसकिएको अवस्था कालखण्डले देखाइरहेको छ । निजी होस् या सामुदायिक विद्यालय जहाँ अतिरिक्त कक्षाको समुचित व्यवस्थापन छ त्यहाँ अवस्य पनि कक्षाको अतिरिक्त कक्षा व्यवस्थापन हुन नसकेको विद्यालयका तुलनामा शैक्षिक गुणस्तर वृद्धि भएको पाइन्छ । प्राचीन समाज ज्यादै सरल थियो । आवश्यकताहरु पनि सरल थिए समाजको बढ्दो जटिलतासँग अनियमित शिक्षालेमात्र सामाजिक आवश्यकताहरु पूरा गर्न सम्भव भएन जसले गर्दा विविध औपचारिक अर्थात विद्यालयीय शिक्षाको प्रारम्भ हुँदै गयो । अझै अहिलेको प्रतिस्पर्धात्मक अवस्थाको विश्लेषण गर्दा बालबालिकाहरुलाई उच्च शिक्षा तथा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि अतिरिक्त कक्षा नियमित तरुपमा अध्यापन गराउनु अपरहार्य रहेको देखिन्छ ।

मानवीय प्राणीको उत्पत्तिसँग मानव सभ्यताको विकाससँगसँगै शिक्षाको विकास हुँदै गएको मानिन्छ । जसरी मानिसले विभिन्न युगहरु, कालहरु, वातावरण र परिस्थितिहरु पार गर्दै आजको विकसित, आधुनिकर वैज्ञानिक युगमा पवेश गरेको छ, त्यसरी नै शिक्षाले पनि विभिन्नि युगहरु, कालहरु र वातावरण तथा परिस्थितिहरु पार गर्दै आजको आधुनिक र सभ्य युगमा आइपुगेको हो । शिक्षाको उत्पत्ति भई आजसम्मको यसको जीवनयात्रालाईनै शिक्षाको विकास भनेर भनिन्छ । शिक्षाको विकासक्रामलाई हेर्दा निम्न तीन कालमा विभाजन गरी हेर्न सकिन्छ

प्राचीन अवस्थामा मानिस जंगली अवस्थामा रहेको थियो । जंगलमा हिँडडुल गर्नु आहाराको खोजी गर्नु उनीहरुको दिनचर्या हुन्थ्यो । ढुंगे युगको प्रवेशसँगै मानिसले आफ्ना आवश्यकताहरु पूरा गर्नका लागि हातहतियार बनाउनुका साथै जंगली जनावर मार्ने खाने  गर्न थाल्यो, प्राचीन युगमा प्रवेश गरेलगत्तै मासिले जंगली संस्कारमा प्रवेश गर्‍यो । पछि गएर यसै कालमा गुरुकुल शिक्षाको प्रारम्भ भयो । विद्यार्थीहरु गुरुका आश्रममा बसी गुरुको सेवा गर्ने, भिक्षा मागी आफूले खाने र गुरुलाई पनि खुवाउने जस्ता कार्यमा पत्रमात्र शिक्षा सीमित भयो  ।

प्राचिन समाज ज्यादै सरल थियो । आवश्यकताहरु पनि सरल थिए समाजको बढ्दो जटिलतासँग अनियमित शिक्षाले मात्र सामाजिक आवश्यकताहरु पूरा गर्न सम्भव भए, जसले गर्दा औपचारिक अर्थात अर्थात विद्यालयीय शिक्षाको समेत प्रारम्भ हुँदै गयो ।

मध्यकालीन अवस्थामा विद्यालय प्रणालीको व्यापक विस्तार हुँदै गयो तर शिक्षामा पहुँच सबैको भएन । शिक्षामा मानवतावाद, आदर्शवाद, प्रकृतिवाद, प्रक्रियामा परिवर्तन आयो । यसै समयमा विश्वमा ठूलाठूला क्रान्तिहरु  भए । शिक्षाको परम्परागत स्वरुप परिवर्तन भई औपचारिक बन्दै गयो । तर शिक्षामा सबैको पहुँच रहेन,  शक्ति, संघर्ष, अधिनाकयवाद र उग्रराष्ट्रवादहरु विकसित हुँदै गए ।

आधुनिककालमा गुरुकुल प्रणालीबाट विकसित हुँदै आएको शिक्षा वैज्ञानिक रुपमा परिणत भइसकेको छ । आज शिक्षा सर्वव्यापि, जीवनपर्यन्त, निरतर, माव अधिकार, वैज्ञानिक तथा न्याय प्रेमी बन्दै गइसकेको छ । खुल्ला शिक्षा, पत्रचार शिक्षा तथा स्वस्थ्य शिक्षा जस्ता शिक्षाहरु पनि पर्याप्त मात्रामा रहेका छन् भने शिक्षामा आधुनिक यन्त्रहरु, शिक्षणविधिहरु र प्रविधिलाई अझ विकसित पार्न निरन्तर अनुसन्धानहरुसमेत भइरहेका छन् ।

मानव जीवनको एउटा महत्वपूर्ण पूर्ण अंगका रुपमा मानिएको शिक्षाद्वारा मानिसले आफ्नो समग्र विकास गरी जीवनमा पूर्णता प्राप्त गर्न सक्दछ । अंग्रेजीको Education शब्द ल्याटिन भाषाका तीन शब्दहरु Educatum, Educere र Educare बाट आएको मानिन्छ । नेपालीमा शिक्षा शब्द संस्कृतिको विद्/शिक्ष/शिष् धानुबाट आएको हो जसको अर्थ सिक्नु, सिकाउनु वा जान्नु हुन्छ । शिक्षाशास्त्री सुकरातका अनुसार "प्रत्येक मानिसको मस्तिष्कमा अदृश्य रुपले विद्यमान संसारको त्यो सर्वमान्य विचारलाई प्रकाशमा ल्याउनु नै शिक्षा हो", अरस्तुले " स्वस्थ्य शरीरमा स्वस्थ मस्तिष्कको निर्माण गर्नु नै शिक्षा हो, शिक्षाले मानव शक्तिहरुको विशेष रुपले मानसिक शक्तिहरुको विकास गर्दछ जसद्वारा उसले सत्यम्, शिवम् सुन्दरम् को भावनाको आनन्द लिन सक्षम हुन्छ" भनेर भनेका छन् , (शर्मा, २०६६) ।

कुनै पनि पक्षको राम्रो तवरबाट सञ्चालन गर्नु नै व्यवस्थापन हो । सामुदायिकविद्यालयमा व्यवस्थपनको निकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । यदि उचित किसिमले त्यसको रेखदेख सञ्चालन गर्न नसकेको खण्डमा सही कार्यक्रम पनि असफल भएर जान सक्दछ । विद्यालय एउटा सामाजिक एवं शैक्षिक संस्था भएकोले विद्यालयमा व्यवस्थापन राम्रो हुनु आवश्यक छ । विद्यालयमा कलिला बालवालिकाको भविष्य निर्माण गर्ने काम गरिन्छ । व्यवस्थापनले जनस्रोत र सामग्री स्रोतको उपयुक्त परिचालन गरी उच्चतम शैक्षिक उपलब्धीको वातावरणको सिर्जना गर्ने काम र कामप्रति सकरात्मक प्रवृत्तिको विकास गर्ने काम गर्दछ । हरेक संस्थाको सफलता संगठित एवम् सामूहिक प्रयासबाट मात्र संभव हुन्छ । मा.वि.को उचित व्यवस्थापनको लागि नेपालमा विभिन्न समयमा विभिन्न उपायहरु अपनाउँदै आएको पाइन्छ, (पण्डित, २०५४) ।

व्यवस्थापन भनेको एउटा योजना, संगठन, नेतृत्व र नियन्त्रणको प्रक्रिया हो जसले सांगठनीक सदस्यहरूलाई संगठनमा उपलब्ध साधन र स्रोतको पूर्ण परिचालन गरि

उपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुऱ्याउँदछ ।व्यवस्थापनलाई कुनै पनि संघ संस्थाको सफलता प्राप्त गर्ने कडीको रुपमा लिने गरिन्छ । व्यवस्थापनको माध्यमबाट व्यवसायमूलक वा सेवामूलक संघसंस्थाले निर्धारित लक्ष्य सफलताका साथ पुरा गर्न सक्दछ । मानव सभ्यताको विकास र विस्तारसंगै व्यवस्थापनको पनि समयानुकुल विकास र विस्तार हुदै आएको पाइन्छ ।

व्यवस्थापनका विविध भागहरु मध्येमा शैक्षिक व्यवस्थापन भनेको एक अपरिहार्य तत्वका रुपमा लिन सकिन्छ, हाल सामुदायिक विद्यालयमा पनि निजी विद्यालय जसरी अंग्रेजी माध्यमबाट पठन पाठन हुँदै आएको छ ।वर्तमानको आवश्यकतालाई हेरेर विद्यालयहरुमा नेपाली र अंग्रेजी दुवै माध्यमबाट अध्यापन गर्ने परिपाटी समेत रहेको पाइन्छ । सामुदायिक विद्यालयमा पनि निजि विद्यालय सरहका पाठ्यपुस्तकहरु अध्यापन गर्दै आएको पाइन्छ ।

प्रत्यक्ष रुपमा हेर्द विद्यार्थीका अगाडि उभिएर अध्यापन गर्ने शिक्षकले मात्र गराउने भएको हुँदा विद्यार्थीको नतिजामा शिक्षकहरु जवाफदेही रहेका हुन्छन् नै तर पनि उनीहरुले अध्यापन गराउने शैली तथा अध्यापन गराउँदै आएको माध्यमले शैक्षिक गुणस्तरमा समेत प्रभव पारि रहेको हुन्छ । सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम सुरुवातको अवस्था रहेको हुँदा वर्षौदेखि नेपाली माध्यमबाट अध्यापन गराउँदै आएका शिक्षकहरुले अंग्रेजी माध्यममा अध्यापन गर्नु पर्ने यथार्थताहरु रहेका छन् । यसरी अध्यापन गराउँदा शिक्षक दक्ष भएर पनि अध्यापन शैलीमा असहजता हुने देखिन्छ ।

वर्तमान अवस्थामा सामुदायिक तथा संस्थागत दुवै विद्यालायमा बालबालिकाहरुलाई अतिरिक्त कक्षा अध्यापान गर्दै आएको पाइन्छ । कतिय विद्यालयले त ६ देखि ६ कक्षा सञ्चालन गरेको अवस्था समेत रहेको पाइन्छ । गणित, अंग्रेजी र विज्ञान जस्ता विषयहरुमा विद्यार्थीलाई अतिरिक्त कक्षा सञ्चालन गर्दै आएको पाइन्छ । उच्च शिक्षा हासिल गर्ने विभिन्न कलेजको अवस्थालाई विश्लेषण गर्ने हो भने पनि

अतिरिक्त कक्षा लिनका लागि विभिन्न ट्युसन सेन्टरमा भिड लाग्ने गरेको अवस्था भेट्न सकिन्छ । यसरी वर्तमान परिवशमा अतिरिक्त कक्षाको महत्व झन झन बढ्दै जानुका साथै अभिभावकमा पनि अतिरिक्त कक्षा पढ्न पठाए पछि छोरा छोरीले प्रगती गर्न सक्छन् भन्ने विश्वास भएको पाइन्छ । यिनै कुरालाई दृष्टिगत गर्दै सामुदायिक विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्थापन शीर्षकमा प्रस्तुत शोधकार्य तयार गरिएको छ ।

## १.२ समस्याको कथन

वर्तमान परिवेशलाई हेर्दा सामुदायिक विद्यालयमा पनि निजी विद्यालयहरुले जसरी विद्यार्थीहरुलाई अतिरिक्त कक्षा सञ्चालन गर्दै आएको पाइन्छ । एस.इ.इको समयमा होस्टल राख्ने परिपाटी आजभोली धेरै जसो विद्यालयमा रहँदै आएको पाइन्छ । यति हुँदा हुँदै पनि शैक्षिक उपलब्धिको विश्लेषण गर्ने हो भने सन्तोषजनक रहेको देखिँदैन । विहान ६ बजे देखि बेलुका ६ बजेसम्म बालबालिकाहरु विद्यालयमा नै हुन्छन् तर नतिजा किन उपलब्धि मूलक हुन सकेको छैन, विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन के कसरी सञ्चालन हुँदै आएको, अतिरिक्त कक्षा सञ्चालन गर्दा शिक्षक विद्यार्थीको अनुपात के कस्तो रहेको छ, शिक्षकले कक्षाकोठामा गर्दै आएको प्रस्तुततीकरण के कस्तो रहेको छ, किन अतिरिक्त कक्षा लिएर पनि बालबालिकाले उपलब्धि वृद्धि गर्न सकेका छैनन, अतिरिक्त कक्षा कतै शिक्षकलाई रोजगारीको माध्यम मात्रै बनेको त होइन, अतिरिक्त कक्षा शिक्षणको व्यवस्थपनका लागि विद्यालय प्र.अ. एवम् व्यवस्थापकीय पक्ष के कस्तो जिम्मेवार रहेको छ भन्ने जस्ता समस्याहरुमा केन्द्रित रहेर प्रस्तुत शोधप्रस्ताव तयार गरिएको छ । अतिरिक्त कक्षालाई एक अनौपचारिक कक्षाको रुपमा लिने र धेरै जसो विद्यालयमा अतिरिक्त कक्षा अध्यापन गर्दा विषय शिक्षकहरुले आफ्नो इच्छा अनुसार अध्यापान गर्दै आएको पाइन्छ । कतिपय विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई जानकारी नै नदिइ पनि कक्षा सञ्चालन हुने गरेको पाइन्छ । यति हुँदा

हुँदै पनि सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा सञ्चालनको व्यवस्थापन नामक शीर्षकमा प्रस्तुत शोधकार्य तयार गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

व्यवस्थापन भनेको एउटा योजना, संगठन, नेतृत्व र नियन्त्रणको प्रक्रिया हो जसले सांगठनीक सदस्यहरूलाई संगठनमा उपलब्ध साधन र स्रोतको पूर्ण परिचालन गरि सांगठनीक उद्देश्यमा पुऱ्याउँदछ ।  व्यवस्थापनलाई कुनै पनि संघ संस्थाको सफलता प्राप्त गर्ने कडीको रुपमा लिने गरिन्छ । विद्यालयमा शिक्षणको उचित तवरबाट व्यवस्थापन हुन नसक्दा पनि बालबालिकाको शैक्षिक उपलब्धिमा प्रभाव पर्न सक्दछ । सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन भएर पनि शिक्षण कार्यलाई प्रभावकारी ढंगबाट व्यवस्थपन गर्न नसक्दा अंग्रेजी माध्यमको शिक्षण चुनौतिका रुपमा रहको पाइन्छ। शिक्षकले अध्यापन गर्ने शैली, उनीहरुको मूल्यांन, शैक्षिक सामग्रीको प्रयोग तथा उदाहरण जस्ता कुराहरुले अध्ययन कार्यमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

प्रस्तुत अध्ययनको माध्यमबाट विद्यालयमा शिक्षकहरुले अध्यापन गर्दै आएको अतिरिक्त शिक्षाका बारेमा जानकारी प्राप्त गर्न थप सहयोग प्राप्त हुनेछ । शिक्षकले अध्यापन गर्दा के कस्ता समस्या रहेका छन् र तिनीहरुको के कसरी निराकरण गर्नु आवश्यक छ भन्ने जस्ता समस्या पहिचान गरी निराकरणका उपायहरु सुझाउनका लागि प्रस्तुत अध्ययन कार्यले थप सहयोग पुग्ने छ ।

सामुदायिक विद्यालयमा के कसरी अतिरिक्त कक्षाको सञ्चालन हुँदै आएको, अतिरिक्त कक्षाको सञ्चालन प्रति अभिभावकको धारणा के कस्तो रहेको छ भन्ने बारेमा जानकारी प्राप्त गर्नुका साथै विद्यालयमा अतिरिक्त कक्षा सञ्चालनमा देखिएका समस्याहरु पहिचान गरी प्रभावकारी ढंगबाट शिक्षण गर्नका लागि प्रस्तुत शोधकार्य उपयोगि सिद्ध रहने छ ।

विद्यालयमा शिक्षकलाई समयानुकुल के कस्ता तालिम तथा पुनतार्जगी तालिमको व्यवस्था गरेर शैक्षिक उपलब्धि गर्न सकिन्छ भन्नेबारेमा सम्बन्धित सरोकारवाला पक्षका लागि गथप सहयोग पुग्नेछ । अतिरिक्त कक्षाका माध्यमबाट विद्यार्थीको शैक्षिक उपलब्धि के कसरी वृद्धि गर्न सकिन्छ भन्ने सन्दर्भमा सम्बन्धित सरोकारवाला पक्षका लागि प्रस्तुत अध्ययन उपयोगी सिद्ध रहने छ ।

भोलिका दिनमा अतिरिक्त कक्षा सञ्चालन गर्ने कुनै संघ संस्था एवम् व्यक्तिका लागि समेत प्रस्तुत अध्ययन थप उपयोगी हुने छ । विद्यालयमा अतिरिक्त कक्षालाई थप प्रभावकारी बनाउनका लागि अभिभावक, वि.व्य.स.ले खेल्नु पर्ने भूमिका काका बारेमा जानकारी प्राप्त गर्नका लागि प्रस्तुत अध्ययन उपयोगी रहने छ । भोलिका दिनमा प्रस्तुत अध्ययनकार्य सम्ग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न चाहने जो कोही अनुसन्धानकर्ताका लागि प्रस्तुत शोधकार्य सन्दर्भग्रन्थका रुपमा उपयोगि हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएका छन् :

१) सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणको वर्तमान अवस्था पत्ता लगाउनु,

२) सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु

३) सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणमा देखिएका समस्याहरुको विश्लेषण गर्नु,

४) सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणलाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु ।

### १.५. अनुसन्धान प्रश्नहरु

१) सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणको शिक्षणको वर्तमान अवस्था के कस्तो रहको छ?

२) अतिरिक्त कक्षा शिक्षणमा प्रभाव पार्ने तत्वहरु के के हुन सक्छन् ?

३) सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणमा के कस्ता समस्याहरु रहेका छन् ?

४) सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन सम्बन्धी सरोकारवला पक्षको धारणा के कस्तो रहेको छ ?

५) सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणलाई प्रभाव पार्ने तत्वहरु के के हुन सक्छन् ?

६) सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षण गर्दा देखिएका समस्या र निराकरणका के के हुन सक्छन् ?

### १.६ अध्ययनका परिसिमाहरु

अध्ययन अनुसन्धानकार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गरी निश्चित लक्ष्यमा पुग्नका लागि अनुसन्धानको सम्पूर्ण पक्षहरूलाई समेटेर अध्ययन गर्न असहज हुने हुँदा यस अध्ययन अनुसन्धानलाई निम्नलिखित बुँदाहरूमा सीमाङ्कन गरी अध्ययन अनुसन्धान गरिएको छ :

प्रस्तुत अध्ययन कार्यमा दिव्यनगर स्रोतकेन्द्र अन्तर्गत रहेका जम्मा २९ विद्यालयहरुमध्येबाट श्री प्रभात मा.वि., शुक्रनगर, गोल्डेन फ्युचर एकेडेमी अमृतनगर, श्री आदर्श मा.वि. दिव्यनगर र ब्राइड फ्युचर इंलिस सेकेण्डरी स्कुल तेलौली गरी जम्मा ४ वटा विद्यालयका प्र.अ. १ का दरले ४ जना, कर्मचारी २।२ का दरले ८ जना, स्रोतव्यक्ति १ जना, शिक्षक २।२ का दरले ८ जना, विद्यार्थी

प्रतिनिधि ४।४ का दरले १६ जना, वि.व्य.स. अध्यक्ष १ का दरले ४ जना गरी जम्मा ४१ जनालाई अध्ययनको जनसंख्याको रूपमा छनोट  गरिएको छ ।

छनोटमा परेका विद्यालयहरूमा प्राथमिक तथा द्धितिय स्रोतको प्रयोग गरेर प्राप्तभएको तथ्याङ्कलाई व्याख्या एवम् विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन अनुसन्धानलाई गुणात्मक ढाँचा अनुसार विश्लेषण गरिएको छ । यस अध्ययन अनुसन्धासँग सम्बन्धित लेखरचना, प्रतिवेदन र इमेल इन्टरनेटबाट प्राप्त जानकारीहरूलाई साहित्यको पुनरावलोकनको रूपमा अनुसन्धान गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धितसाहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अनुसन्धानका क्रममा अनुसन्धान कार्यलई मूर्तरुप प्रदान गर्नका लागि आजभन्दा अगाडि गरिएका सम्बन्धित लेखरचनाहरुलाई साहित्यको पुनरावलोकनको रुपमा अध्ययन गरी उद्देश्य अनुसार पूर्णता प्रदान गर्नु अनुसन्धानकर्ताको दायित्व अन्तर्गत पर्दछ । सम्बन्धित साहित्यको पुनरावलोकन तथा अनुसन्धानसँग मिल्दोजुल्दो सैद्धान्तिक खाकाको प्रयोग गरी गरिएको अध्ययन कार्यले उद्देश्य अनुरुप पूर्णता पाउनुका साथै भोलिका दिनहरुमा समेत उपयोगी सिद्ध हुने भएको हुँदा सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम शिक्षणको व्यवस्थापन नामक शोधपत्रसँग मिल्दाजुल्दा लेखरचना, पत्रपत्रिका र शोधपत्रहरुलाई अध्ययन गरी साहित्यको पुनरावलोकन रुपमा प्रस्तुत गर्नुका साथै अध्ययन कार्यसँग सम्बन्धित सैद्धान्तिक खाकालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

शैक्षिक संस्थाहरुलाई समाजको सानो रुपमा लिइन्छ । वर्तमान समाज निकै जटिल अवस्थामा गुज्रेको कछ । समाजका आवश्यकताहरु दिनानुदिन बढ्दै गइरहेका छन् । शैक्षिक संस्थाहरुलाई लघु समाजको रुपमा हेरिएकोले समाजमा बन्धुत्वको भावना जगाउन, चेतनशील, सहयोगी, कर्मप्रति विश्वास राख्ने, समाज र राष्ट्रप्रति बफादारी, कर्तव्यपरायण नागरिक तयार पार्ने जिम्मा समाजले शैक्षिक संस्थाहरुलाई नै दिइएको देखिन्छ । विद्यालय व्यवस्थापन समितिको इच्छा विपरित सरुवा, वढुवा, पुरस्कार, दण्ड, सजाय, मूल्याङ्कन तथा कर्मचारी विकास, कल्याणकारी कार्यक्रम, र कार्यविवरण इत्यादि जस्ता व्यवस्थापकीय कार्य अझै पनि केन्द्रीय निकायको भूमिका तथा नियन्त्रणभन्दा वाहिर जान सकेको छैन । स्थानीय नेतृत्व वा केन्द्रीय निकाय प्रति अझ स्पष्ट छैन । ऐन नियम तथा विद्यालय व्यवस्थापन हस्तान्तरण

निर्देशिकामा देखिएका दुविधाहरुले शिक्षकलाई दण्ड तथा सजाय कसले गर्ने ? विद्यालय व्यवस्थापन समिति, समुदाय तथा स्थानीय निकायले जिल्लास्तर, क्षेत्रीयस्तर तथा राष्ट्रियस्तरका प्रशासक कसले गर्ने ? यसको वारेमा नीतिगत अस्पष्टता कायमै छ । यदि यस्तो अधिकार विद्यालय व्यवस्थापन समूहलाई नहुने हो भने विद्यालयमा आधारित शिक्षक तथा कर्मचारी व्यवस्थापन हुन सक्ला र ? अहिले पनि शैक्षिक प्रशासक तथा व्यवस्थापनका लागि यो कुरा हाँक र चुनौती बनेको छ । जसले गर्दा शैक्षिक व्यवस्थपनमा प्रत्यक्ष प्रभाव परेको हुन्छ,(धामी, २०६१) ।

विद्यालयमा उचित तवरले अध्यापन गराउनका लागि विद्यालयको सबै पक्षको उचित तवरले व्यवस्थपन भएको हुनु पर्दछ, आजभोली सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गराउने तथा निजी विद्यालयको देखासिकी गर्ने प्रवृत्ति व्याप्त रुपमा बढेको छ, तर यसलाई कसरी व्यवस्थित गर्ने भन्ने पक्षमा सम्बन्धित पक्षको उचित ध्यानाकर्षण हुन नसकेको यथार्तता पाइन्छ । पुरानै परिपाटीका शिक्षकबाट अध्यापन हुँदा अंग्रेजी माध्यम नाम मात्र बनेको व्यहोरा सामुदायिक विद्यलायले स्वीकार गर्नै पर्ने हुन्छ, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, शिक्षा देश विकासको आधार शिला हो । शिक्षाले नै देशको सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्दछ । शिक्षाकै माध्यमबाट व्यक्ति, समाज र राष्ट्रको चौतफी विकासका लागि मार्गहरू खुला हुन्छन् । त्यस्तै आजको युग भमूण्डलीकरणको युग भएकाले सीमित ज्ञान, सीप र क्षमताले मात्रै प्रतिस्पर्धात्मक समाजमा बाँच्न सक्ने नागरिक तयार गर्न कठिन हुन्छ । त्यसका लागि अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्नु पनि शिक्षाको दायित्व हो । विद्यालय शिक्षाको अवधारणा क) वर्तमान शैक्षिक नीति तथा दस्तावेजहरूले विद्यालय शिक्षालाई आधारभूत शिक्षा कक्षा १-८ र माध्यमिक शिक्षा कक्षा ९-१२ का रूपमा पुनर्संरचित गर्न प्रस्ताव गरेका छन् । ख) लोकतन्त्र एवम् मानव अधिकारको संरक्षण र सवंर्धन गर्ने, निरन्तर शिक्षाप्रति प्रतिबद्ध, श्रमप्रति

सकारात्मक सोच भएका र स्वरोजगार उन्मुख, असल चरित्र भएका र एक्काइसौं शताब्दीमा व्यक्ति, समाज र राष्ट्रमा आइपर्ने चुनौतीहरूको सामना गर्ने सक्रिय योगदान पुऱ्याउन सक्ने नागरिक तयार गर्नु नेपालको विद्यालय शिक्षाको दृष्टिकोण हो । यसै कुराहरुलाई दृष्टिगत गर्दै संस्थाका चुनौतिहरुको पहिचान गरी तिनलाई अवसरमा परिणत गर्न जरुरी हुन्छ । सामुदायिक विद्यालय आर्थिक स्रोतका रुपमा सरकारी अनुदानमा निर्भर रहनु पर्ने अवस्था मुख्य चुनौती रहेको छ । अतिरिक्त कक्षा उचित तवरबाट व्यवस्था हुन नसक्नु जस्ता कुरालाई विश्लेषण गर्नुका साथै आर्थिक अवस्थाको कारणबाट पनि शिक्षण व्यवस्थापनमा समस्या सृजना भएको भन्ने कुरालाई विश्लेषण गरिएको छ, (अधिकारी, २०६९) ।

विद्यालयमा योग्यताप्राप्त, तालिमप्राप्त, दक्ष र अनुभवी शिक्षकको जरुरत पर्दछ । जतिसुकै काइदासाथ बनाइएको भए तापनि चालक योग्य नभएमा डुँगा नदीमा डुब्न सक्छ भनेझै प्रर्याप्त भौतिक सुविधा उपलब्ध छ, किन्तु योग्य शिक्षकको सेवा उपलव्ध छैन भने प्रभावकारी शिक्षा दिन सकिदैन भन्ने कुरालाई ध्यानमा राखी शिक्षकको व्यवस्थापनमा विशेष ध्यान दिनु पर्ने देखिन्छ (विकासको निम्ति शिक्षा, २०५९) ।

विद्यालयमा अभिभावकले लगानी गरेको छ भने त्यसको चासो हुदो रहेछ भन्ने प्रमाण निजी विद्यालयमा अभिभावकको चासोले गर्दा नानीहरुको पढाइ राम्रो हुन पुगेको हो । विद्यालयको कार्यक्रममा अभिभावकको संलग्नता वढाउने हो भने विद्यालयको वास्तविक समस्या पहिचान गरी समाधान गर्न सहयोग पुग्ने हुन्छ । त्यसैगरी सामुदायिक विद्यालयमा अध्यापन गराउने अभिभावकमा पनि तिरिक्त कक्षा अध्यापन गराउँदा उनीहरुमा बालबालिकाको पढाइप्रति चासो बढी हुनुको साथै घरमाम पढ्ने उचित वातवारण तयार गर्ने गरेको पाइन्छ । वास्तवमै भन्नने हो भने विद्यालयको शैक्षिक उपलब्धि अभिवृद्धि गर्ने प्रमुख अधार भनेको आजभोली अतिरिक्त कक्षा नै रहेको छ, (के.सी., २०७५) ।

कमजोर विद्यार्थीलाई अतिरक्त कक्षा सञ्चालन गर्दा पढाइ प्रति प्रोत्साहन मिल्ने गरेको पाइन्छ । आजभोली गणित तथा विज्ञानमा बालबालिकाहरु कमजोर रहेका छन् , उनीहरलाई अतिरिक्त कक्षा सञ्चालन  नगर्ने हो भने विद्यालयको भरमा मात्रै शैक्षिक उपलब्धि सन्तोष जनक हुन सक्दैन । आजभोलीका बाबुनानीहरु घरमा पढ्ने बानीको विकास अत्यन्त न्यून हुँदै गएको छ । अभिभावकको व्यवस्ताले  गर्दा उनीहरुले पनि बाबुनानीहरुका लागि प्रयाप्त समय दिन नसकिरहेको पाइन्छ , (भट्ट, २०७४)  ।

व्यवस्थापन समिति, शिक्षक र समुदायमा रहेकाले अपनत्व महसुस गर्न सके सामुदायिक विद्यालयले पनि प्रगति गर्न सक्दारहेछन् भन्ने उदाहरण राजधानी बाहिरका केही विद्यालयले प्रस्तुत गरेका छन्। मुलुकभर रहेका करिब ३० हजार सामुदायिक विद्यालयमध्ये यी विद्यालयको सफलताको कथा निकै लोभलाग्दो त छ नै, सामुदायिक विद्यालय सुधार अभियानमा लागेकाहरूका लागि समेत प्रेरणादायी बनेको छ, (सुनार, २०७१) ।

विद्यालयमा शैक्षिक व्यापार शीर्षकमा उल्लेख भए अनुसार आजभोली रोजगारीको सिलसिलामा शिक्षालाई व्यापारमा परिणत गरिएको तथ्य लेखमा उल्लेख गरिएको छ । जो कोही बालबालिकाहरु पनि आजभोली निजी विद्यालयमा अध्यापन गराउन चाहन्छन्, यसरी निजी विद्यालयमा अभिभावकको आकर्षण हुनुको प्रमुख कारण भनेको होस्टल तथा अन्य अतिरिक्त कक्षा सञ्चालनले हो जस्तो देखिन्छ । आफ्ना छोरा छोरीलाई घरमा पढाउने मान्छे नभएको र सामुदायिक विद्यालयमा भर्ना गर्दा ४ बजे घरमा आए पछि नपढ्ने हुनाले अभिभावक निजि विद्यालयमा महंगो फि तिरेरै भए पनि अध्यापान गराउन बाध्य भएका छन् । सामुदायिक विद्यालयमा पनि अतिरिक्त कक्षा नहुने होइनन् तर पनि घट्दो शैक्षिक उपलब्धिले अभिभावकलाई आकर्षण गर्न सकि रहेको छैन, यसबाट यो प्रष्ट हुन्छ कि सामुदायिक विद्यालयमा

अझै पनि शैक्षिक व्यवस्थापन प्रभावकारी ढंगबाट हुन सकिरहेको छैन तिमिल्सिना, २०७३) ।

गणित अंग्रेजी र विज्ञान जस्ता विषयहरु अध्यापन गर्ने शिक्षकका लागि ट्युसन कक्षा सञ्चालन एक स्तरीय व्यापारका रुपमा परिणत हुँदै आएको पाइन्छ । विद्यार्थीले पढुन् नपढुन भन्ने बारेमा न त अभिभावकको नै चासो छ न त शिक्षकको नै आफ्ना नानीबाबुहरु घरबाट विद्यालय पढ्न भनेर गए पछि बाबुआमाहरु जतिसुकै पनि पैसा खर्चन तयार हुन्छन् । ट्युसन पढाउने शिक्षकले एक समयमा २।३ वटा कोठामा सम्म विद्यार्थी राखेर एकै पटकमा अध्यापन गर्ने गरेको भन्ने जस्ता अपत्यारिला कुराहरु सुन्न र देख्न पाइन्छ । कुरा यो हो की शैक्षिक क्षेत्रलाई एक व्यापारिक थलोको रुपमा उभ्याउनु भनेको  कति सही हो, एउटा शिक्षकले वर्षदिनभरी अध्यापन गर्दा राम्रो उपलब्धि हासिल गराउन नसकेर उनै विद्यार्थीलाई ट्युसन पढाउन कति सान्दर्भिक रहन्छ । वास्तवमै राम्रा शिक्षकले आफ्ना विद्यार्थीहरुलाई निःशुल्क अध्यापन गर्न सक्छु भन्ने साहस शिक्षकमा हुनु आवश्यक छ । विद्यार्थी कमजोर भए भने सो विषयको निःशुल्क शिक्षकले अतिरिक्त कक्षा लिनु पर्ने भन्ने जस्ता नियमहरु विद्यालाय प्रशासनले बनाउन नसक्दा कमजोर विद्यार्थी शिक्षकका लागि कमाइ खाने बाटो बनेको तथ्यलाई कसैले पनि नकार्न मिल्दैन, (गुरुगाई, २०७४) ।

विज्ञान विषय दिन प्रति दिन लोकप्रिय विषयका रुपमा चिनिदै आएको छ । जसको तयारी कक्षा अध्ययन गर्नका लागि विभिन्न अतिरिक्त कक्षा लिन विद्यार्थीको भीड लाग्ने गरेको पाइन्छ । एस.इ.इ. पछि विद्यार्थी विभिन्न ट्युसन सेन्टरमा अध्ययनका लागि जाने गरेको पाइन्छ । नपढे नामै ननिस्कला भन्ने डरले बालबालिकाले अतिरिक्त कक्षा लिइ रहेका छन् । आजभोली गणित विज्ञान जस्ता विषयलाई हाइगुजीको रुपमा प्रचार प्रसार रगरे विभिन्न अनौपचारिक कक्षा सञ्चालन गरेर

कमााइखाने बाटो बनाइ रहेको विकृति जन्य अवस्था गाउँमा भन्दा सहरमा बढी भेट्न पाइन्छ, (एल.पी, २०७४) ।

आफ्ना नानीबाबुहरु अध्ययनरत छन् भने जो कोही बाबुआमाले पनि शैक्षिक उपलब्धि के हुने हो भन्नेमा त्रशित भइ रहेका हुन्छन् । आजभोलिका केटाकेटीलाई गरिएको लगानीकै कुरा गर्ने हो भने अत्यन्त महंगो शिक्षामा परिणत भइ रहेको छ । विद्यालय स्तरको अध्ययन नै भन्ने हो भने कक्षा १० आइ पुगे पछि रु. १५०० शुल्क तिरेर अध्ययनरत विद्यार्थी अब मासिक १५ हजार तिरेर होस्टल बसिरहेको हुन्छ । महिनाको रु. ५०० खर्च गर्न नसक्ने सामुदायिक विद्यालयका विद्यार्थीका बाबु आमाहरुले हजारौको खर्च गरेर आफ्नै विद्यालयमा वा अन्यत्र ट्युसन पढ्न पठाएका हुन्छन् । यसो हुनुको प्रमुख कारण नै शैक्षिक उपलब्धिका लागि हो । यसरी हेर्दा अतिरिक्त कक्षा तथा ट्युसन कोचिंगले बालबालिकाको शैक्षिक उपलब्धि वृद्धिमा सहयोग पुगेको हुन्छ भने कतिपय ठाउँमा यसले नराम्रो प्रभाव पनि पार्दै आएको छ, (मानन्धर, २०७३)।

विद्यालयको शैक्षिक उपलब्धि वृद्धिका लागि अतिरिक्त कक्षा आवश्यक छ । बाालबालिकाहरुलाई अध्यापन गराइन्छ गृहकार्य दिइन्छ तर सबै बालबालिकाले गृहकार्य गर्न सक्छन् भन्ने हुँदैन गृहकार्य नजान्त गृहकार्य नगरी आउने परिपाटी धेरै हुन्छ । घरमा सोधे सिकाइ दिने कोही छैन नगरी गए शिक्षकले पिट्ने डर सस्ता डरै डरमा बालबालिका विद्यालाय छाडेर हिँडेका उदाहरण हाम्रा सामु छन् । यस्ता कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन गरियो भने उनीहरुको वास्ताविकता पहिचान गरी अध्यापन गर्न सकिनुका साथै सानु समुहमा हुँदा उनीहरुले सिक्ने मौका पाउँछन्, विद्यालयमा शिक्षकले अध्यापन गर्दा नजानेका कुरा पुनः सोधेर पढ्ने तथा गृहकार्य गर्ने मौका उनीहरुलाई प्रदान हुने गर्दछ जसको कारण विद्यार्थी नियमितता र शैक्षिक उपलब्धि वृद्धि हुन्छ भन्ने कुरालाई प्रस्तुत अध्ययनले प्रष्ट पारेको छ, (खनाल, २०७४) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अध्ययन अनुसन्धान कार्यलई पूर्णरुप दिनका लागि आजभन्दा अगाडि गरिएका साहित्यहरुको अध्ययन अनुसन्धान गर्नुको साथै अनुसन्धानसँग मिल्दो जिल्लो सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा लिएर सोही अनुसार तथ्यंक संकलन गरी उद्देश्य अनुरुप व्याख्या एवम् विश्लेषण गर्नु शोधकर्ताको दायित्व अन्तर्गत पर्दछ । यसै कुरालाई दृष्टिगत गर्दै  जर्मन समाजशास्त्री माकस वेवरको कर्मचारी व्यवस्थापन र सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक खाकाको रुपमा चयन गरी सोही अनुसार तथ्यांक संकलन, अध्ययन क्षेत्र तथा आवश्यक जनसंख्या छनोट गर्नुका साथै प्राप्त तथ्यांकलाई व्याख्या एवम् विश्लेषण गरी अनुसन्धानकार्यलाई पूर्णरुप प्रदान गरिएको छ ।

संगठनात्मक संरचनामा कार्य अधिकार एवम् शक्तिको सुव्यवस्थित ढंगबाट विभाजन हुनु पर्दछ भन्ने मान्यता राख्ने व्यक्तित्वका रुपमा चिनिने म्याक्स वेवर (१८६४-१९२०) गुणस्तरीयता र योग्यताको आधारमा कार्यसम्पादनको निष्पक्ष मूल्यांक हुनु गर्नुपर्दछ भन्ने मान्यता राख्ने वेक्स वेवरद्वारा नै कर्मचारी व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरिएको हो । उनीद्वारा प्रतिपादित सिद्धान्त अनुसार कुनै पनि संस्थाको उद्देश्य पूरा गर्नका लागि सवल र सफल कर्मचारीको संयन्त्र मिलाउनु आवश्यक रहन्छ । संगठनात्मक संरचनामा कार्य अधिकार एवम् शक्तिको सुव्यवस्थित विभाजन हुनुपर्ने, गुणस्तरीयता र योग्यताको आधारमा कर्मचारीको कार्यसम्पादनको निष्पक्ष मूल्यांकन गर्नुपर्दछ, संगठनमा इमानरिता कायम गरेर प्राविधिक दक्षता र क्षमताको आधारमा संगठनको विकास गर्नुपर्ने भन्नेजस्ता धारणाहरु प्रस्तुत गरिएको छ ।

म्याक्स वेवरको सिद्धान्तमा उल्लेखित कर्मचारी व्यवस्थापनभित्र पर्ने विशेषता तथा कर्मचारी व्यवस्थापनमा गर्नुपर्ने कार्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

कुनै पनि कर्मचारी सबै कामहरुमा पूर्णरुपले दक्ष नहुने हुँदा कर्मचारीहरुको कार्यलाई विभाजन गर्नु आवश्यक रहन्छ भन्ने कुराको धारणालाई प्रस्तुत खाकामा स्पष्टताका साथ उल्लेख गरिएको छ । दक्ष एवम् सवल कर्मचारीबाट मात्र संस्थाको उद्देश्य पूरा हुन सक्ने हुँदा कर्मचारीको श्रम तथा कार्यलाई विभाजन गर्नु कर्मचारी व्यवस्थापनको प्रमुख विशेषता अन्तर्गत पर्न आउँछ ।

कुनै पनि संगठनमा कार्यरत कर्मचारीलाई उसको योग्यता दक्षता एवम् कार्यरत पदलाई लेखाजोखा गरी उसको स्तर अनुसार पदीय दायित्व निधारण गर्नु कर्मचारी व्यवस्थापनको प्रमुख विशेषता रहने हुँदा प्रस्तुत सिद्धान्तमा कर्मचारीको पदीय दायित्व स्तरका आधारमा निर्धारण हुनु पर्दछ भन्ने मान्यतालाई अघि सारिएको छ ।

कर्मचारी भनेको के हो ? संस्थामा उसको भूमिका के कस्तो रहने भन्ने बारेमा प्रष्टसँग उल्लेख हुनुपर्दछ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । कुनै पनि संस्थामा कार्यरत कर्मचारीले आफूले के भूमिका निर्वाह गर्नेहो भन्ने कुराको जानकारी हुनु आवश्यक रहेको हुँदा कर्मचारीको व्यवस्थापन गर्दा कर्मचारीको संस्थागत तथा व्यक्तिगत भूमिकाका बारेमा प्रष्ट हुन सकेको खण्डमा नै व्यक्तिले जिम्मेवार पूर्वक आफ्नो कर्तव्यको निर्वाह गर्न सक्दछ ।

कार्यरत कर्मचारीलाई सयानुसार प्राविधिक तालिम दिन सकेको खण्डमा मात्रै उसले आफूलाई समयानुसार समायोजन गरी कार्य गर्न सक्ने हुँदा प्राविधिक क्षमता बढाउनुका साथै कुनै पनि संस्थामा कार्यरत कर्मचारीलाई के कसरी छनोट गर्ने र बढवा नीति के कस्तो हुने भन्ने जस्ता कुराहरुको व्याख्या गर्न सकेको खण्डमा कर्मचारीको उचित व्यवस्थापन हुन सक्दछ ।

कुनै पनि शिक्षक तथा कर्मचरी कार्यविधि तयार पारी उसको कार्यव्यवस्था अनुसार व्यवहार गर्न सकिएको खण्डमा, संस्थामा व्यक्तिले दत्तचित्ततताका साथ लाग्नुका साथै व्यक्ति स्वयंलाई समेत कार्यप्रति उत्प्रेरणा प्रदान हुन सक्ने हुँदा कर्मचारी व्यवस्थापनको विशेषताअन्तर्गत कर्मचारीको कार्यव्यवस्था अनुरुप व्यवहार गर्न कार्यविधिको व्यवस्था गर्नु पनि प्रमुख विशेषता अन्तर्गत पर्दछ ।

संगठमा व्यक्तिगत सम्बन्ध निष्पक्ष हुनु आवश्यक रहन्छ, कार्यरत कर्मचारीहरुबीच सुमधुर सम्बन्ध स्थापना हुन सकेको खण्डमा नै कार्यरत कर्मचारीले आफ्नो पेशाप्रति उत्तरदायी ढंगबाट कार्य गर्नुका साथै उपलब्धि पनि वृद्धि हुन सक्दछ ।

सामुदायिक विद्यालयमा अतिरिक्त कक्षाको के कसरी व्यवस्थापन भएको छ भन्ने कुरालाई अध्ययन गर्नका लागि विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको व्यवस्थापनको बारेमा अध्ययन अनुसन्धान हुनु आवश्यक रहन्छ । जसका लागि छनोटमा परेका विद्यालयहरुमा शिक्षक कर्मचारीको अवस्था, शिक्षकले प्रदर्शन गर्ने विधि, अतिरिक्त कक्षा लिँदा शिक्षकले विद्यार्थीलाई दिने समय, मूल्यांकन विधि व्यवस्थापन हुन सकेको छकि छैन भन्ने कुराका बारेमा तथ्य संकलन गरी सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा व्यवस्थापनको बारेमा अध्ययन गर्दा शैक्षिक व्यवस्थापनको बारेमा अध्ययन गरिने हुँदा म्याक्स वेवरको प्रशासनिक सिद्धान्तलाई यस अध्ययन अनुसन्धानको सिद्धान्तको खाकाको रुपमा प्रयोग गरी अध्ययन अनुसन्धान गरिएको छ ।

## २.३. पुनरावलोकनको शैक्षिक उपादेयता

यस अध्ययन अनुसन्धानसँग सम्बन्धित विभिन्न प्रकारका पुस्तक पत्रपत्रिका, मासिक तथा पाक्षिक पत्रिकाहरु वइवसाइड, यस भन्दा अगाडिका शोधकर्ताहरुवाट प्रकाशित शोध प्रश्तावनाहरु शोधग्रन्थ ,विभिन्न समयमा भएका अनुसन्धानात्मक कार्यहरुको प्रतिवेदन जस्ता कुारहरुलाई साहित्यको पुनरावलोकनको रुपमा अध्ययन गरिएको

छ । जसको प्रयोगबाट प्रस्तुत शोधपत्रसँग सम्बन्धित विभिन्न पक्षहरूको सम्बन्धमा जानकारी मिल्नुका साथै अध्ययन अनुसन्धानहरूमा देखिएका कमीकमजोरीहरूलाई हटाएर उद्देश्यमूल र गुणात्मक बनाउनका लागि लागि थप सहयोग पुगेको छ । माक्स वेवरको कर्मचारी व्यवस्थापनको सिद्धान्तलाई सैद्धान्तिकखाकाका रूपमा चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा  अध्ययन अनुसन्धानका लागि प्रस्नावली तयार गर्न, अध्ययन स्थलको छनोट गर्न, छनोट गरिएका प्रश्नावलीको व्याख्या एवम् विश्लेषण गर्न, तथ्यांक संकलनका स्रोतहरूको प्रयोग गर्न, संकलित तथ्यांकहरुको उद्देश्य अनुसार व्याख्या एवम् विश्लेषण गर्न समेत  सहयोग पुगेको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

प्रस्तुत शोधपत्रमा उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्नका लागि अनुसन्धानको ढाँचा, जनसंख्या र नमुना छनौट प्रक्रिया, तथ्यांक संकलन प्रक्रिया र तथ्यांकको व्याख्या र विश्लेषणलाई यस परिच्छेदमा निम्न शीर्षकहरुमा प्रस्तुत गरिएको छ :

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययनको उद्देश्य हासिल  गर्ने अपेक्षा गरि वनाइएको योजना अनुसन्धान ढाँचा हो । यस अनुसन्धानको उद्देश्य पुरा गर्नका लागि संकलन तथा विश्लेषण गरिएको तथ्याङ्कको स्वरुप सांख्यिक नभएर शाब्दिक रहेको छ । यो अनुसन्धान भावनात्मक र लचिलो प्रवृतिले सामान्यिकरण गर्न कठिन महसुस भएकोले यस अध्ययन त्यहाँको प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ । यस अध्ययन गुणात्मक ढाँचाको अनुसन्धानमा आधारित हुने भएकाले खुला प्रश्नावली, प्रत्यक्ष अवलोकन र लिखित दस्तावेजबाट  प्राप्त तथ्याङ्क संकलन गरिएको छ । अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कहरुमा मानिसका विचार धारणलाई वाक्यासंका रुपमा संकलन गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनोट

प्रस्तुत शोधपत्रमा दिव्यनगर स्रोतकेन्द्र अन्तर्गत रहेका जम्मा २९ विद्यालयहरु मध्येबाट  जम्मा ४ विद्यालयलाई उद्देश्य पूर्ण नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ  जसबाट विद्यालयका प्र.अ. १ का दरले ४ जना , कर्मचारी २।२ का दरले ८ जना, स्रोतव्यक्ति १ जना, शिक्षक २।२ का दरले ८ जना, विद्यार्थी प्रतिनिधि ४।४ का दरले १६ जना, वि.व्य.स. अध्यक्ष १ का दरले ४ जना गरी जम्मा ४१ जनालाई अध्ययनको जनसंख्याको रूपमा छनोट गरिएको छ ।

### ३.३. तथ्याङ्कका स्रोतहरू

अनुसन्धान कार्यको विषय वा समस्याको बारेमा खोज गर्दा विभिन्न स्रोतहरूलाई आधार मान्नु आवश्यक रहन्छ । यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्वितिय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई आधार मानी तथ्यांक संकलन गरिएको छ ।

#### ३.३. १प्राथमिक स्रोत

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतअर्न्तगत छलफल तथा अन्तरवार्ता प्रश्नावली विधिलाई आधार बनाइएको छ । जसमा तथ्याङ्क सङ्कलनका लागि सोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूचीमा उल्लेखित अन्तवार्ता प्रश्नावालीहरूका आधारमा प्रयोग गरिएको छ ।

#### ३.३.२ द्वितिय स्रोत

द्वितिय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धीत विद्यालयका अभिलेखहरू, पत्रपत्रिकाहरू, अप्रकाशित सोध-पत्रहरू एवम् सम्बन्धित प्रतिवेदनहरूलाई आधार मानि तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४ तथ्यांकका साधनहरु

प्रस्तुत अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्ने क्रममा निम्नानुसारका तथ्यांक संकलनका साधनहरु प्रयोग गरिएको छ ।

#### ३.४.१ अन्तरवार्ता प्रश्नावली

यस अन्तरगत छनोटमा परेका विद्यालयका शिक्षक, प्र.अ., विद्यार्थी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, स्रोतव्यक्ति, शिक्षकहरुसँग भेट गरि अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा शिक्षक, विद्यार्थी, वि.व्य.स., अभिभावक र प्र.अ.लाई अन्तरवार्ता

प्रश्नावलीको प्रयोग गरि सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा व्यवस्थापन र त्यसमा देखिएका समस्या तथा सुझाव समेतमा आवश्यक जानकारीहरु अनुसूची दुई देखि पाँचका आधारमा संकलन गरिएको छ ।

### ३.४.२ अवलोकन फारम

यस अन्तरगत छनोटमा परेका विद्यालमा शैक्षिक व्यवस्थापनको अवस्था, शिकलाई उनीहरुलाई दिइने तलब भत्ता, सेवा सुविधा, कामगर्ने समयअवधि जस्ता कार्यकलापहरुको वास्तविक तथ्य पत्ता लगाउनका लागि अनुसूची १ मा उल्लेखित अवलोकन फारमको प्रयोग गरि कर्मचारीलाई दिइने सुविधा, कामको विवरण, कर्मचारी प्रति हुने व्यवहार जस्ता कुरामा अनुसूची एकको आधारमा सूचना संकलन गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनका लागि छनोटमा परेका अध्ययन स्तलका प्र.अ.,कर्मचारी, शिक्षक, विद्यार्थी, स्रोतव्यक्ति, वि.व्य.स.सँग अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूची मा उल्लेख गरिएका प्रश्नावलीहरुको आधारमा तथ्यांक संकलन गरिएको छ । त्यस्तै गरी द्वितीय तथ्यांक संकलनका लागि विभिन्न लेख रचनाहरु, पत्रपत्रिका, बुलेटिन, शोधपत्र र सम्बन्धित द्यिालयका अभिलेखहरुलाई आधार बनाइएको गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अनुसन्धानका क्रममा छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर प्राथमिक तथा द्वितीय तथ्यांकका स्रोतको प्रयोग गरी तथ्यांक संकलन गर्दा प्राप्त तथ्यांकहरु केवल कच्चा पदार्थको रुपमा मात्र रहने हुँदा त्यसलाई उपयुक्त ढंगले व्याख्या एवम् विश्लेषण गरी उद्देश्य अनुसार पूर्णता प्रदान गर्नु पनि शोधकर्ताको

दायित्व अन्तर्गत पर्दछ । यो अध्ययन गुणात्मक प्रकृतिको हुने हुँदा संकलित तथ्याङ्कहरूको विश्लेषण र व्याख्या वर्णनात्मक रूपमा गरिएको छ र सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गर्दा गरिएको शैक्षिक व्यवस्थापनका बारेमा प्र.अ., शिक्षक, विद्यार्थी, कर्मचारी, वि.व्य.स., स्रोतव्यक्तिहरुसँगको छलफल तथा अन्तरक्रिया एवम् अवलोकनबाट प्राप्त जानकारीहरुलाई वर्णनात्मक ढंगबाट विश्लेषण गरिनुका साथै आवश्यक तथ्यांकहरुलाई तालीकीकरण समेत गरी व्याख्या एवम् गरिएको छ ।

# परिच्छेद चार

# तथ्यांकको व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधकार्यको तयारीका क्रममा कच्चा पदार्थका रुपमा संकलित भएका तथ्यहरुलाई अध्ययनको गुणात्मक ढाँचा अनुसार व्याख्या तथा विश्लेषण गरी सिद्धान्तका आधारमा निचोड प्रस्तुत गरेर उद्देश्य अनुसार पूर्णता प्रदान गरिएको छ । प्रस्तुत शोधकार्यको व्याख्या तथा विश्लेषण गर्ने क्रममा निम्नानुसारका उपशीर्षकहरु रहेका छन् :

## ४.१ सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणको वर्तमान अवस्था

दिव्यनगर स्रोतकेन्द्र अन्तर्गत रहेका जम्मा २९ विद्यालयहरुमध्येबाट श्री प्रभात मा.वि., शुक्रनगर, गोल्डेन फ्युचर एकेडेमी अमृतनगर, श्री आदर्श मा.वि. दिव्यनगर र ब्राइड फ्युचर इंलिस सेकेण्डरी स्कुल तेलौली गरी जम्मा ४ वटा विद्यालयका प्र.अ. १ का दरले ४ जना, कर्मचारी २।२ का दरले ८ जना, स्रोतव्यक्ति १ जना, शिक्षक २।२ का दरले ८ जना, विद्यार्थी प्रतिनिधि ४।४ का दरले १६ जना, वि.व्य.स. अध्यक्ष १ का दरले ४ जना गरी जम्मा ४१ जनालाई अध्ययनको जनसंख्याको रूपमा छनोट गरी अध्ययन गरिएको प्रस्तुत शोधकार्यमा छनोटमा परेका विद्यालयमा अतिरिक्त कक्षा शिक्षणको वर्तमान अवस्था के कस्तो छ भन्ने सन्दर्भमा छुट्टा छुट्टै अध्ययन अनुसन्धान गरि सोही अनुसार विश्लेषण गरिएको छ :

अध्ययन कार्यका लागि छनोट गरिएको विद्यालय श्री प्रभात मा.वि. शुक्रनागरमा अतिरिक्त कक्षा शिक्षणको अवस्था के कस्तो रहेको छ भनी उक्त विद्यालयका प्र.अ. सँग अन्तरवार्ता गर्नुका साथै अनुसन्धानकर्ता स्वयं उपस्थित भएर विहान बेलुका अतिरिक्त कक्षा सञ्चालन भएको समयमा अध्ययन अवलोकन गरिएको थियो । यस विद्यालयमा गणित अंग्रेजी, विज्ञान, नेपाली, सामाजिक जस्ता विषयको कक्षा ६

देखि कक्षा १० सम्मका विद्यार्थीलाई विशेषगरी अतिरिक्त कक्षा सञ्चालन गर्दै आएको पाइयो । अतिरिक्त कक्षा सञ्चालन गर्दा सबै विद्यालयमा विषय शिक्षकले अध्यापन गर्दै आउनु भएको छ भनी विद्यालयका प्र.अ.सँग प्रश्न गर्दा कक्षा ८ देखि १० सम्मका कक्षाहरुमा विषय शिक्षकले नै अध्यापन गर्दै आउनु भएको भन्ने उत्तर प्राप्त भएको थियो । यस विद्यालयमा अतिरिक्त कक्षा सञ्चाल गर्दा आधारभूत तहमा अध्यापन गर्ने शिक्षकले माध्यमिक तहमा अतिरिक्त कक्षा लिएको उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालयमा अध्यापन गर्दा ५० देखि ६० को अनुपातमा विद्यार्थीहरुलाई कक्षाकोठामा राख्ने गरिएको तर अतिरिक्त कक्षा सञ्चालन गर्दा एउटा कक्षामा ३० जना भन्दा बढी विद्यार्थी नराखीकन कम संख्यामा अध्यापन गराउने गरिएको जसका लागि शिक्षक संख्या अपुग हुन गई औपचारिक रुपमा तल्लो तहमा अध्यापन गर्ने शिक्षकहरुलाई माथिल्लो तहको कक्षा अध्यापन गर्न लगाइएको भन्ने उत्तरहरु विद्यालयका शिक्षक तथा प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

विद्यालयमा साना साना कक्षामा अतिरिक्त कक्षा सञ्चालन गर्दा विषय शिक्षक नभइ जुनसुकै शिक्षकले जुनसुकै विषय अध्यापन गर्दै आएको भन्ने उत्तरहरु समेत अध्ययनबाट प्राप्त भएको छ । यस विद्यालयमा अतिरक्त कक्षा सञ्चालन गर्दा विशेष गरी विहान ७ बजेदेखि ९ बजेसम्म र बेलुका ५ बजेदेखि ७:३० सम्म अतिरिक्त कक्ष सञ्चालन गर्दै आएको पाइयो । अतिरक्त कक्षामा अंग्रेजी, विज्ञान र गणित विषयको अध्यापनमा विद्यार्थीहरु धेरै भएको पाइयो भने अन्य विषयमा कम विद्यार्थी उपस्थित हुने गरेको पाइयो । अभिभावकसँग बैठक बसी कक्षा १० लाई सबै विषयको अनिवार्य रुपमा अतिरिक्त कक्षा लिनु पर्ने व्यवस्था गरिएको भन्ने उत्तरहरु अध्ययनका क्रममा विद्यालय प्र.अ. एवम् शिक्षकबाट जानकारी प्राप्त भएको छ ।

अध्ययन कार्यका लागि छनोटमा परेको विद्यालय गोल्डेन फ्युचर एकेडेमीमा अतिरिक्त कक्षा शिक्षणको अवस्था के कस्तो रहेको छ भनी विद्यालयका प्र.अ.सँग अन्तरवार्ता गर्नुका साथै विद्यालयमा अध्ययनरत विद्यार्थी एवम् अध्यापनरत शिक्षकसँग समेत छलफल अन्तरक्रिया गरिएको थियो । यस विद्यालयमा अतिरिक्त कक्षाको अवस्थालाई हेर्दा कक्षा २ देखि १० कक्षा सम्मका बालबालिकाहरुले अतिरिक्त कक्षामा सहभागी भएको पाइयो । अतिरिक्त कक्षामा सहभागी हुँदा अति कमजोर र अतिजान्ने विद्यार्थीको सहभागीता बढी रहेको भन्ने उत्तरहरु विद्यालयका शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । मध्यम स्तरका बालबालिकाहरुले अतिरिक्त कक्षा लिन खासै चासो नदेखाउने गरेको भन्ने उत्तरहरु अध्ययनका क्रममा शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । अतिरिक्त कक्षा सञ्चालन गर्दा अभिभावक भेला गरी कुन विषयमा कुन विद्यार्थीको शैक्षिक अवस्था के कस्तो छ भन्ने बारेमा अभिभावकलाई जानकारी गराई सोही अनुसार अतिरिक्त कक्षा सञ्चालन गरिने गरेको भन्ने उत्तरहरु विद्यालय प्र.अ.बाट जानकारी प्राप्त भएको छ ।

विद्यालायमा अतिरिक्त  कक्षा सञ्चालन गर्दा जान्ने विद्यार्थीलाई भन्दा नजान्ने विद्यार्थीलाई बढी ध्यान दिनका लागि शिक्षकहरुलाई भन्दै आइएको भन्ने उत्तरहरु विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।  यस विद्यालयमा अतिरिक्त कक्षा अध्यापन गर्दा  सबै कक्षाहरुमा विद्यालयमा अध्यापन गर्ने शिक्षकले अध्यापन नगरेका पाइयो । कतिपय विद्यार्थी संख्या कम भएको अवस्थामा २ वटा कक्षाका विद्यार्थी एकै ठाउँमा राखेर अध्यापन गरेको अवस्था समेत अध्यापन गर्ने शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो ।

अध्ययन कार्यका लागि छनोट गरिएको विद्यालय श्री आदर्श मा.वि. दिव्य नगरमा अतिरिक्त कक्षा शिक्षणको अवस्था के कस्तो रहेको छ भनी उक्त विद्यालयका प्र.अ. सँग अन्तरवार्ता गर्नुका साथै अनुसन्धानकर्ता स्वयं उपस्थित भएर विहान बेलुका अतिरिक्त कक्षा सञ्चालन भएको समयमा अध्ययन अवलोकन गरिएको थियो । जसबाट प्राप्त भएको तथ्य अनुसार यस विद्यालयमा पनि गणित अंग्रेजी, विज्ञान, नेपाली, सामाजिक जस्ता विषयलााई बढी मात्रामा अतिरिक्त कक्षा सञ्चालन गरेको पाइयो । अतिरिक्त कक्षा सञ्चालन गर्ने क्रममा कक्षा १।२ समेत गणित, अंग्रेजी जस्ता विषयको अतिरिक्त कक्षा लिनका लागि अभिभावकले गुनासो गर्दै आउनु भएको भन्ने उत्तरहरु प्र.अ. बाट जानकारी प्राप्त भएको थियो । अतिरिक्त कक्षा सञ्चालन गर्दा सबै विद्यालयमा विषय शिक्षकले अध्यापन गर्दै आउनु भएको छ भनी विद्यालयका प्र.अ.सँग प्रश्न गर्दा कक्षा ८ देखि १० सम्मका कक्षाहरुमा विषय शिक्षकले नै अध्यापन गर्दै आउनु भएको भन्ने उत्तर प्राप्त भएको थियो ।

यस विद्यालयमा अतिरिक्त कक्षा सञ्चाल गर्दा आधारभूत तहमा अध्यापन गर्ने शिक्षकले माध्यमिक तहमा अतिरिक्त कक्षा लिएको उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालयमा साना साना कक्षामा अतिरिक्त कक्षा सञ्चालन गर्दा विषय शिक्षक नभइ जुनसुकै शिक्षकले जुनसुकै विषय अध्यापन गर्दै आएको भन्ने उत्तरहरु समेत अध्ययनबाट प्राप्त भएको छ । यस विद्यालयमा अतिरक्त कक्षा सञ्चालन गर्दा विशेष गरी विहान ७ बजेदेखि ९ बजेसम्म र बेलुका ५ बजेदेखि ७:३० सम्म अतिरिक्त कक्ष सञ्चालन गर्दै आएको पाइयो । अतिरक्त कक्षामा अंग्रेजी, विज्ञान र गणित विषयको अध्यापनमा विद्यार्थीहरु धेरै भएको पाइयो भने अन्य विषयमा कम विद्यार्थी उपस्थित हुने गरेको पाइयो । अभिभावकसँग बैठक बसी कक्षा १० लाई सबै विषयको अनिवार्य रुपमा अतिरिक्त कक्षा लिनु पर्ने व्यवस्था गरिएको भन्ने उत्तरहरु अध्ययनका क्रममा विद्यालय प्र.अ. एवम् शिक्षकबाट जानकारी प्राप्त भएको छ ।

विद्यालयमा अतिरिक्त कक्षाको वर्तमान अवस्थाको बारेमा अध्ययन तथा अनुसन्धान गर्ने क्रममा अध्ययन कार्यका लागि छनोट गरिएको विद्यालय श्री ब्राइड फ्युचर इंलिस सेकेण्डरी स्कुलमा अतिरिक्त कक्षा शिक्षणको अवस्था के कस्तो रहेको छ भनी उक्त विद्यालयका प्र.अ. शिक्षक, विव्यस. अध्यक्षसँग अन्तरवार्ता गर्नुका साथै अनुसन्धानकर्ता स्वयं उपस्थित भएर  अध्ययन अवलोकन गरिएको थियो । जसबाट प्राप्त भएको तथ्य अनुसार यस विद्यालयमा पनि गणित अंग्रेजी, विज्ञान, जस्ता विषयलााई बढी मात्रामा अतिरिक्त कक्षा सञ्चालन गरेको पाइयो । भने कक्षा १० को हकमा सबै विषयहरुलाई अनिवार्य रुपमा अध्यापन गर्दै आएको पाइयो । यस विद्यालय कक्षा ९ मा रहेका जम्मा २५ जना विद्यार्थीहरु मध्येमा जम्मा १४ जना विद्यार्थीले मात्र कक्षा लिएको भन्ने उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको थियो ।

वेवरको कर्मारी व्यवस्थापनको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधकार्य अनुसार तयार गरिएको प्रस्तुत शोधकार्यको पहिलो उद्देश्यलाई विश्लेषण गर्दा छनोटमा परेका ४ वटै विद्यालयमा गणित, अंग्रेजी, सामाजिक, विज्ञान जस्ता विषयमा अतिरिक्त कक्षालिनका लागि विद्यार्थीहरु बढी आकर्षित भएको पाइन्छ । जान्ने र अति कमजोर स्तरका विद्यार्थीहरु विद्यालयमा कक्षा लिनका लागि आउने तर मध्यम स्तरका विद्यार्थीमा अतिरिक्त कक्षा प्रति कम चासो रहेको तथ्य समेत अध्ययनबाट प्राप्त भएको छ । त्यसैगरी कक्षा १०मा भने सबै विद्यालयमा अनिवार्य रुपमा कक्षा सञ्चालन हुँदै आएको छ । अतिरिक्त कक्षा सञ्चालन गर्दा वेवरको सिद्धान्त अनुसार कक्षा सञ्चालन हुन नसकेको तथ्य अध्ययनबाट प्राप्त भएको छ । विद्यालयहरुमा सबै कक्षाहरु सञ्चालन गर्दा योग्य शिक्षक र विषय शिक्षकबाट मात्रै कक्षा सञ्चालन हुनु पर्नेमा साना साना कक्षाहरुमा आफ्नो विषय नभएका शिक्षकहरुले पनि अध्यापन गर्दै आएको भन्ने उत्तरहरु प्राप्त भएको थियो । त्यसैगरी औपचारिक रुपमा कक्षा ८ सम्म पढाएका शिक्षकले अतिरिक्त कक्षा लिँदा कक्षा

९।१० मा अध्यापन गर्दै आएको भन्ने उत्तरहरु पनि अध्ययनबाट प्राप्त भएको छ । विद्यालयमा लिइने अतिरिक्त कक्षामा शुल्क महंगो भएका कारणले अध्यापन गराउन नसकेको भन्ने उत्तरहरु समेत अभिभावकबाट जानकारी प्राप्त भएको थियो । यसरी शोधकार्यको पहिलो उद्देश्यलाई विश्लेषण गर्दा वेवीवरको सिद्धान्तसँग मिल्दोजुल्दो नरहेको पाइन्छ ।

## ४.२ सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणमा प्रभाव पार्ने तत्वहरु

विद्यालयमा अतिरिक्त कक्षा शिक्षणमा प्रभाव पार्ने तत्वहरु के के हुन सक्छन् भन्ने सन्दर्भमा अध्ययन स्थलका शिक्षक, विद्यार्थी, अभिभावक एवम् प्र.अ.सँग छुट्टा छुट्टै अन्तरवार्ता, छलफल गर्नुका साथै अध्ययन एवम् अवलोकन समेत गरिएको थियो जसबबााट प्राप्त भएको जानकारी अनुसार अतिरिक्त कक्षा शिक्षणले निम्न लिखित रुपमा प्रभाव पारेको पाइयो ।

### ४.२.१ शिक्षण वातावरण

विद्यालयमा अतिरक्त कक्षा सञ्चालन गर्दा के कस्ता तत्वले प्रभाव पारेको छ भन्ने सन्दर्भमा छलफल तथा अन्तरक्रिया गर्दा विद्यार्थीहरुमा प्रभावकारी ढंगबाट शिक्षण भएको भन्ने जस्ता उत्तरहरु ४ वटै विद्यालयका प्र.अ. एवम् शिक्षकहरुबाट जानकारी प्राप्त भएको छ । अतिरिक्त कक्षामा विद्यार्थीहरुलाई अध्यापन गदराउँदा शिक्षण वातावरणले प्रभाव पारेको भन्ने उत्तर प्राप्त भएको थियो । थोरै संख्यामा विद्यार्थी राखिने गरिएको, उनीहरुका समस्यालाई पहिचान गरी अध्यापन गरिने हुँदा सिकाइ प्रभावकारी भएको भन्ने उत्तरहरु विद्यालयका शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । गणित, अंग्रेजी, विज्ञान जस्ता विषयमा बालबालिकाहरुले धेरै मात्रामा नबुझ्ने, यसलाई गाह्रो विषयका रुपमा लिने जस्ता समस्याहरु रहेकोमा अतिरिक्त कक्षाले त्यसलाई केही मात्रामा भए पनि न्यूनीकरण गरेको भन्ने उत्तरहरु अध्ययनबाट प्राप्त भएको छ । बालबालिकाहरुले आफूले नजानेका कुराहरु सोध्नका

लागि नडराइकन सोध्न सक्ने गरेको भन्ने जस्ता उत्तहरु अध्ययनबाट प्राप्त भएको थियो । एउटा शिक्षकले नजान्ने बालबालिकालाई समय दिएर सिकाउनका लागि अतिरिक्त कक्षा सञ्चालन गर्नु परेको हो जान्ने विद्यार्थीका लागि होइन भन्ने उत्तर समेत अध्ययनका क्रममा शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो ।

### ४.२.२ अभिभावकको दृष्टिकोण

अतिरिक्त कक्षा शिक्षणमा के कस्ता तत्वहरुले प्रभाव पारेको हुन्छ भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार सबै विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.बाट अभिभावकको विद्यालयप्रतिको दृष्टिकोणले शिक्षण क्रियाकलाप प्रभावकारी हुनसक्ने भन्ने उत्तरहरु प्राप्त भएको थियो । त्यसैगरी शिक्षकहरुसँगको धारणा अनुसार पनि विद्यालयमा औपचारिक रुपमा अध्यापन गराइरहँदा कतिपय अभिभावकहरु विद्यालयमा उपस्थित नहुने, पढाएर के हुन्छ भन्ने जस्ता धारणाहरु राख्ने गरेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.२.३ आर्थिक अवस्था

अतिरिक्त  कक्षाले पारेको सकरात्मक एवम् नकरात्मक दुवै प्रभावकारिताहरु रहेको भन्ने उत्तरहरु अध्ययनबाट प्राप्त भएको थियो । ट्युसन कोचिंग पढाउँदा बालबालिकाले केही न केही मात्रामा बढी सिक्छन् तर अभिभावकलाई भने आर्थिक भार थेग्न गाह्रो हुन्छ भन्ने उत्तरहरु अभिभावकहरुबाट जानकारी प्राप्त भएको थियो ।

एउटै विषयको ५०० देखि १५०० सम्म शुल्क बुझाउने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । मासिक रुपमा यसरी शुल्क बुझाउन आफूहरुलाई अत्यन्तै गाह्रो भएको तर पनि बाध्य भएर अतिरिक्त कक्षा पढाउनु परेको नपढाए पास नै हुँदैन भन्ने जस्ता उत्तर विशेष गरी सामुदायिक विद्यालयका अभिभावकबाट

जानकारी प्राप्त भएको थियो । शिक्षकहरुले न्यून शुल्कमा अध्यापन गरिदिए ठिक हुने थियो भन्ने जस्ता धारणाहरु समेत अभिभावकहरुबाट जानकारी प्राप्त भएको थियो ।

### ४.२.४ शिक्षक तथा विद्यार्थी बिचमा सुमधुर सम्बन्ध

विद्यालयमा अतिरिक्त कक्षा शिक्षण गर्दा विद्यार्थी र शिक्षक बिचमा के कस्तो सम्बन्ध कायम भएको छ भनी विद्यालयका शिक्षकसँग छलफल तथा अन्तरक्रिया गरिएको छ । जसबाट प्राप्त भएको तथ्य अनुसार सुमधुर वातावरण कायम गरी आफूहरुले नजानेका कुराहरु सोध्नमा अतिरिक्त कक्षा थप प्रभावकारी भएको भन्ने उत्तरहरु स्वयं विद्यार्थीबाट जानकारी प्राप्त भएको छ । औपचारिक रुपमा शिक्षकले अध्यापन गर्दा धेरै विद्यार्थी भएर आफूहरुलाई वास्तै नगर्ने सोधनेको कुरा पनि भन्न नभ्याउने ट्युसन पढाउँदा भने शिक्षकले नजाने सम्म दोहोर्‍याएर पढाइ दिने, जाने नजानेको सोध्ने गरेको भन्ने उत्तरहरु समेत विद्यार्थीबाट प्राप्त भएको थियो । छनोटमा परेका ४ वटै विद्यालयको अवस्थालाई हेर्दा विद्यालयमा सञ्चालन भएको अतिरिक्त कक्षाले शिक्षक तथा विद्यार्थी बिचमा सुमधुर सम्बन्ध कायमका लागि थप सहयोग पुगेको पाइयो ।

### ४.२.५ विद्यार्थी नियमितता

विद्यालयमा सञ्चालन भएको अतिरिक्त कक्षा शिक्षण भए पनि विद्यार्थीको नियमित उपस्थित हुन नसक्दा शिक्षण क्रियाकलाप प्रभावकारी हुन नसक्ने भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । कतिपय बालबालिकाहरु दिइएको गृहकार्य नजान्दा पनि विद्यालय नआउने गरेको, आफूहरुले पढाएको नबुझ्केका कारणले पढाइ प्रति वेवास्ता भएको भन्ने उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको थियो । अतिरिक्त कक्षा लिए पछि नजानेका कुरा सोध्न पाइने, शिक्षकले दिएको गृहकार्य पनि अतिरिक्त कक्षामा सरहरुलाई सोधेर गर्न पाइने जसले गर्दा भोलिप्ल्ट

स्कुलमा सरहरुको गालि खानु नपर्ने र पढाएको पनि सहजै बुझिने भएकाले विद्यालय आउन  मन लागेको भन्ने उत्तरहरु स्वयं विद्यार्थीबाट जानकारी प्राप्त भएको छ ।

वेवरको कर्मचारी व्यवस्थापनको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधकार्य अनुसार तयार गरिएको प्रस्तुत शोधकार्यको दोस्रो उद्देश्यलाई विश्लेषण गर्दा छनोटमा परेका ४ वटै विद्यालयमा अतिरिक्त कक्षा सञ्चालनले विद्यार्थीमा सकरात्मक प्रभाव नै पारेको पाइयो । अतिरिक्त कक्षा शिक्षणमा प्रभावपार्ने तत्वहरु के के हुन सक्छन् भनी गरिएको छलफल तथा अन्तरक्रिया अनुसार अभिभावकको विद्यालयप्रतिको दृष्टिकोण, आर्थिक अवस्था, स्थानीय व्यक्तित्वको धारणा जस्ता पक्षले प्रत्यक्ष प्रभाव पारेको तथ्य प्राप्त भएको छ । विशेष गरी विद्यार्थीका लागि गाह्रो लाग्ने विषयको मात्र अतिरिक्त कक्षा सञ्चालन गरिने जसले गर्दा बाबलबालिकामा नजान्ने विषयको बढी मात्रामा अभ्यास हुन गई शैक्षिक उपलब्धि वृद्धि भएको भन्ने धारणा शिक्षकहरुको रहेको छ ।

गणित, अंग्रेजी, विज्ञान जस्ता विषयमा बालबालिकाहरुले धेरै मात्रामा नबुझ्ने, यसलाई गाह्रो विषयका रुपमा लिने जस्ता समस्याहरु रहेकोमा अतिरिक्त कक्षाले त्यसलाई केही मात्रामा भए पनि न्यूनीकरण गरेको भन्ने उत्तरहरु अध्ययनबाट प्राप्त भएको छ । बालबालिकाहरुले आफूले नजानेका कुराहरु सोध्नका लागि नडराइकन सोध्न सक्ने गरेको भन्ने जस्ता उत्तहरु ४ वटै विद्यालयबाट जानकारी प्राप्त भएको थियो ।  यसरी वेवरको सिद्धान्तलाई आधार मानेर गरिएको प्रस्तुत शोधकार्यको दोस्रो उद्देश्यलाई विश्लेषण गर्दा वेवरको सिद्धान्त अनुसार मिल्दो जुल्दो नै रहेको पाइन्छ ।

### ४.३ सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणमा देखिएका समस्याहरु

बालबालिकाहरुलाई थप शैक्षिक उपलब्धि वृद्धि गर्ने तथा उनीहरुलाई प्रभवाकारी ढंगबाट शिक्षण गर्ने अभिप्रायले विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गरिएको हुन्छ । अतिरिक्त कक्षाले विद्यार्थीको सिकाइ कक्षामा केही न केही भए पनि प्रभाव पारेको हुन्छ । छनोटमा परेका विद्यालयमा अतिरिक्त कक्षा शिक्षणमा देखिएका समस्याहरु के के हुन सक्छन् भनी विद्यालयका प्र.अ., शिक्षक, अभिभावकसँग छलफल तथा अन्तरक्रिया गरिएको थियो जसबाट प्राप्त तथ्यलाई निम्नानुसार विश्लेषण गरिएको छ :

#### ४.३.१ दक्ष शिक्षकको अभाव

विद्यालयमा अतिरिक्त कक्षा शिक्षण गर्दा के कसरी अध्यापन गरिँदै आएको छ भन्ने बारेमा गरिएको अध्ययन अनुसन्धान अनुसार छनोटमा परेका २ वटा विद्यालयमा साना कक्षाहरुमा अध्यापन गराउँदा स्कुलमा औपचारिक रुपमा अध्यापन गर्ने शिक्षकहरुबाट उही विषयको अध्यापन हुन नसकेको भन्ने उत्तरहरु प्राप्त भएको थियो भने औपचारिक रुपमा आधारभूत तहमा अध्यापन गर्ने शिक्षकले अतिरिक्त कक्षा शिक्षण गर्दा मा.वि. तहमा अध्यापन गर्दै आएको पाइयो । धेरै विद्यार्थीहरुलाई राखेर अध्यापन गर्दा सिकाइ क्रियाकलाप प्रभावकारी नहुने र विद्यार्थी संख्या थोरै गराएर अध्यापन गर्दा शिक्षक नपुगेर तल्लो तहका शिक्षकबाट अध्यापन गर्न परेको भन्ने उत्तरहरु विद्याय प्र.अ.बाट प्राप्त भएको थियो ।

#### ४.३.३ शिक्षण शुल्क महंगो हुनु

विद्यालयमा लिइने अतिरिक्त कक्षा शिक्षण अत्यन्त महंगो भएको भन्ने उत्तरहरु विद्यालयका अभिभावकबाट जानकारी प्राप्त भएको छ । सबैजसो विद्यालयका अभिभावकको धाधरणा अनुसार अतिरिक्त कक्षा शिक्षण गर्दा बाालबालिकाको

शैक्षिक उपलब्धि वृद्धि भए पनि आर्थिक भारले गर्दा अध्धयापन गर्न नसकिएको भन्ने उत्तरहरु प्राप्त भएको थियो । शिक्षकहरुले कक्षा शिक्षण गर्दा बालबालिकाहरु कमजोर भए बुझ्नेनन् भने के कसरी अध्यापन गर्ने उनीहरुलाई अतिरिक्त कक्षा लिएर अध्यापन गर्दा शैक्षिक उपलब्धि थप वृद्धि गर्न सकिन्छ कि भन्ने जस्ता कुराको बारेमा सोच्नु वास्तविक शिक्षकको दायित्व हो त्यसले गर्दा आफूहरुले पढाएका विद्यार्थी कमजोर भए म ट्युसन पढाउँछु तपााइहरुले पैसा ल्याउनुहोस भन्नु भनेको सान्दर्भिक होइन त्यसमा पनि अत्यन्त महंगो शुल्क लिने गरिएको छ । भन्ने जस्ता उत्तरहरु अभिभावकहरुबाट जानकारी प्राप्त भएको थियो ।

### ४.३.४ शिक्षकलाई न्यून पारिश्रमिक

विद्यालयमा अतिरिक्त कक्षा अध्यापन गर्ने शिक्षकहरुले अभिभावकबाट उठेको सबै शुल्क आफूहरुले प्राप्त नगरेको केही विद्यालयलाई दिनु पर्ने भन्ने उत्तर प्राप्त हुनुका साथै केही विद्यालयमा विद्यालयले शुल्क उठाइ मासिक रुपमा अध्याप गर्न लगाएको जसले गर्दा शिक्षकको सेवा सुविधा अत्यन्त न्यून भएको भन्ने उत्तरहरु विद्यालयका शिक्षकबाट जानकारी प्राप्त भएको छ ।

### ४.३.५ नियमित कक्षा शिक्षण नहुनु

विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गर्दा शिक्षकहरुको अनियमितता हुने गरेको भन्ने उत्तरहरु विशेष गरी साना कक्षामा अध्ययन गर्ने बाबुनानीका अभिभावकबाट जानकारी प्राप्त भएको थियो । कहिले कुन शिक्षक आएन, कहिले कुन शिक्षक आएन भन्छ सबै शिक्षकले पढाउँदैन भन्ने उत्तरहरु अभिभावकबाट प्राप्त हुनुका साथै शिक्षकहरु समयमा नआउने आएर पनि कक्षा कार्य दिएर

बाहिर निस्कने जस्ता समस्याहरु रहेको भन्ने उत्तरहरु विद्यार्थीबाबट प्राप्त भएको थियो ।

### ४.४.६ दण्ड तथा प्रोत्साहनको अभाव

कुनै पनि कार्यलय एवम् संस्थामा काम गर्ने शिक्षकलाई कर्मचारीलाई उसको पेशाप्रति प्रोत्साहन गर्नका लागि संस्थामा राम्रो काम गर्नेलाई प्रोत्साहन गर्ने र नराम्रो कार्य गर्नेलाई दण्डको व्यवस्था गरिनु आवश्यक रहन्छ । छनोटमा परेका विद्यालयहरुमा शिक्षकलाई पेशाप्रति प्रोत्साहन गर्नका लागि कुनै पनि कार्यक्रमहरु नभएको तथ्य शिक्षक एवम् प्र.अ.सँगको छलफल अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

### ३.४.७ कमजोर आर्थिक अवस्था

विद्यालयमा अतिरिक्त कक्षा शिक्षण गर्दा के कस्ता समस्याहरु रहेका छन्  भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि गरिएको अध्ययन अनुसन्धान अनुसार छनोटमा परेका सामुदायिक विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन गर्दा विद्यालयको कमजोर आर्थिक अवस्थाकाका कारण उपयुक्त मात्रामा शैक्षिक सामग्री निर्माण गर्नका लागि असहजता हुने गरेको मार्कर र मसिका लागि शिक्षकहरुबाट केही रकम लिनु परेको अभिभावकबाट उठेको शुल्क सबै शिक्षकलाई दिन नसकिएको भन्ने जस्ता उत्तर प्राप्त भएको थियो ।

माक्स वेइवरको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधकार्यमा अभिभावकबाट उठेको सबै शुल्क आफूहरुले प्राप्त नगरेको केही विद्यालयलाई दिनु पर्ने भन्ने उत्तर प्राप्त हुनुका साथै केही विद्यालयमा विद्यालयले शुल्क उठाइ मासिक रुपमा अध्याप गर्न लगाएको जसले गर्दा शिक्षकको सेवा सुविधा अत्यन्त न्यून भएको भन्ने उत्तरहरु विद्यालयका शिक्षकबाट जानकारी प्राप्त भएको छ ।

प्रस्तुत शोधकार्यलाई सिद्धान्त अनुसार विश्लेषण गर्दा यस शोधकार्यको तेस्रो उद्देश्य सिद्धान्तसँग मिल्दो जुल्दो नै रहेको छ ।

## ४.४ सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणलाई प्रभावकारी बनाउने उपायहरु

बालबालिकाहरुलाई थप शैक्षिक उपलब्धि वृद्धि गर्ने तथा उनीहरुलाई प्रभवाकारी ढंगबाट शिक्षण गर्ने अभिप्रायले विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गरिएको हुन्छ । अतिरिक्त कक्षाले विद्यार्थीको सिकाइ कक्षामा केही न केही भए पनि प्रभाव पारेको हुन्छ । छनोटमा परेका विद्यालयमा अतिरिक्त कक्षा शिक्षणमा देखिएका समस्याहरुलाई मध्यनजर गर्दै भोलिका दिनमा के कस्ता कक्षा शिक्षण गर्न सकेका खण्डमा अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी बनाउन सकिएला भनी विद्यालयका प्र.अ., शिक्षक, अभिभावकसँग छलफल तथा अन्तरक्रिया गरिएको थियो जसबाट प्राप्त तथ्यलाई निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.३.१ दक्ष शिक्षकबाट अध्यापन हुनु पर्ने

विद्यालयमा अतिरिक्त कक्षा शिक्षण गर्दा के कसरी अध्यापन गरिँदै आएको छ भन्ने बारेमा गरिएको अध्ययन अनुसन्धान अनुसार छनोटमा परेका २ वटा विद्यालयमा साना कक्षाहरुमा अध्यापन गराउँदा स्कुलमा औपचारिक रुपमा अध्यापन गर्ने शिक्षकहरुबाट उही विषयको अध्यापन हुन नसकेको भन्ने उत्तरहरु प्राप्त भएको थियो भने औपचारिक रुपमा आधारभूत तहमा अध्यापन गर्ने शिक्षकले अतिरिक्त कक्षा शिक्षण गर्दा मा.वि. तहमा अध्यापन गर्दै आएको पाइयो । धेरै विद्यार्थीहरुलाई राखेर अध्यापन गर्दा सिकाइ क्रियाकलाप प्रभावकारी नहुने र विद्यार्थी संख्या थोरै गराएर अध्यापन गर्दा शिक्षक नपुगेर तल्लो तहका शिक्षकबाट अध्यापन गर्न परेको भन्ने उत्तरहरु विद्याय प्र.अ.बाट प्राप्त हुनुका साथै भोलिका दिनमा विद्यालयमा अतिरिक्त कक्षा शिक्षण गर्दा औपचारिक रुपमा

जुन विषय अध्याप गर्ने उही शिक्षकले उही कक्षाहरुमा अध्यापन गर्दा बालबालिकाको भावना अनुसार अध्यापन गर्नमा थप सहयोग पुग्न सक्ने भन्ने उत्तरहरु समेत प्राप्त भएको थियो ।

### ४.३.३ निःशुल्क रुपमा कक्षा शिक्षण गर्नु पर्ने

विद्यालयमा लिइने अतिरिक्त कक्षा शिक्षण अत्यन्त महंगो भएको भन्ने उत्तरहरु विद्यालयका अभिभावकबाट जानकारी प्राप्त भएको छ । सबैजसो विद्यालयका अभिभावकको धाधरणा अनुसार अतिरिक्त कक्षा शिक्षण गर्दा बाालबालिकाको शैक्षिक उपलब्धि वृद्धि भए पनि आर्थिक भारले गर्दा अध्धयापन गर्न नसकिएको भन्ने उत्तरहरु प्राप्त भएको थियो । शिक्षकहरुले कक्षा शिक्षण गर्दा बालबालिकाहरु कमजोर भए बुझ्नेनन् भने के कसरी अध्यापन गर्ने उनीहरुलाई अतिरिक्त कक्षा लिएर अध्यापन गर्दा शैक्षिक उपलब्धि थप वृद्धि गर्न सकिन्छ कि भन्ने जस्ता कुराको बारेमा सोच्नु वास्तविक शिक्षकको दायित्व हो त्यसले गर्दा आफूहरुले पढाएका विद्यार्थी कमजोर भए म ट्युसन पढाउँछु तपााइहरुले पैसा ल्याउनुहोस भन्नु भनेको सान्दर्भिक होइन त्यसमा पनि अत्यन्त महंगो शुल्क लिने गरिएको छ । शिक्षकलाई पारिश्रमिक विद्यालयले नै दिने व्यवस्था गर्नु पर्ने हो । भोलिका लिनमा अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी बनाएर विद्यार्थीको वास्तविक शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि सकेसम्म अतिरिक्त कक्षा शिक्षण निःशुल्क बनाउनु पर्दछ त्यो सम्भव नभएमा न्यून शुल्कमा विद्यार्थीले अतिरिक्त कक्षा लिन पाउने व्यवस्था हुन सकेका खण्डमा थप प्रभावकारी हुन सक्छ भन्ने धारणा अभिभावकबाट प्राप्त भएको छ ।

### ४.३.४ अतिरिक्त कक्षाको शुल्क शिक्षकलाई नै दिनु पर्ने

विद्यालयमा अतिरिक्त कक्षा अध्यापन गर्ने शिक्षकहरुले अभिभावकबाट उठेको सबै शुल्क आफूहरुले प्राप्त नगरेको केही विद्यालयलाई दिनु पर्ने भन्ने उत्तर प्राप्त

हुनुका साथै केही विद्यालयमा विद्यालयले शुल्क उठाइ मासिक रुपमा अध्याप गर्न लगाएको जसले गर्दा शिक्षकको सेवा सुविधा अत्यन्त न्यून भएको भन्ने उत्तरहरु विद्यालयका शिक्षकबाट जानकारी प्राप्त भएको छ । भोलिका दिनमा विद्यालमा अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी गराउनका लागि अतिरिक्त कक्षाको शुल्क शिक्षकलाई दिइने व्यवस्था गर्न आवश्यक रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.३.५ नियमित कक्षा शिक्षण हुनु पर्ने

विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गर्दा शिक्षकहरुको अनियमितता हुने गरेको भन्ने उत्तरहरु विशेष गरी साना कक्षामा अध्ययन गर्ने बाबुनानीका अभिभावकबाट जानकारी प्राप्त भएको थियो । कहिले कुन शिक्षक आएन, कहिले कुन शिक्षक आएन भन्छ सबै शिक्षकले पढाउँदैन भन्ने उत्तरहरु अभिभावकबाट प्राप्त हुनुका साथै शिक्षकहरु समयमा नआउने आएर पनि कक्षा कार्य दिएर बाहिर निस्कने जस्ता समस्याहरु रहेको भन्ने उत्तरहरु विद्यार्थीबाबट प्राप्त भएको थियो । यसरी भोलिका दिनमा अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी बनाउनका लागि शिक्षकले नियमित कक्षा लिनुका साथै अध्यापन अवधिभर कक्षामा बसेर शिक्षण गर्नु आवश्यक रहेको तथ्य प्राप्त भएको छ ।

### ४.४.६ दण्ड तथा पुरस्कारको व्यवस्था गरिनु पर्ने

कुनै पनि कार्यलय एवम् संस्थामा काम गर्ने शिक्षकलाई कर्मचारीलाई उसको पेशाप्रति प्रोत्साहन गर्नका लागि संस्थामा राम्रो काम गर्नेलाई प्रोत्साहन गर्ने र नराम्रो कार्य गर्नेलाई दण्डको व्यवस्था गरिनु आवश्यक रहन्छ । छनोटमा परेका विद्यालयहरुमा शिक्षकलाई पेशाप्रति प्रोत्साहन गर्नका लागि कुनै पनि कार्यक्रमहरु

नभएको तथ्य शिक्षक एवम् प्र.अ.सँगको छलफल अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । भोलिका दिनमा शिक्षण प्रक्रियालाई थप प्रभावकारी गराउनका लागि शिक्षकलाई पेशा प्रति प्रोत्साहन र गल्ती कार्यका लागि सजायको व्यवस्था कडाइका साथ लैजान सकेमा  शिक्षण प्रक्रिया थप प्रभावकारी रहने भन्नेजस्ता उत्तरहरु अध्ययनका क्रममा जाानकारी प्राप्त भएको छ ।

### ३.४.७ विद्यालयको आर्थिक स्तर वृद्धि गर्नु पर्ने

विद्यालयमा अतिरिक्त कक्षा शिक्षण गर्दा के कस्ता समस्याहरु रहेका छन्  भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि गरिएको अध्ययन अनुसन्धान अनुसार छनोटमा परेका सामुदायिक विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन गर्दा विद्यालयको कमजोर आर्थिक अवस्थाकाका कारण उपयुक्त मात्रामा शैक्षिक सामग्री निर्माण गर्नका लागि असहजता हुने गरेको मार्कर र मसिका लागि शिक्षकहरुबाट केही रकम लिनु परेको अभिभावकबाट उठेको शुल्क सबै शिक्षकलाई दिन नसकिएको । विद्यालयले शिक्षकलााई शुल्क लिएर आफैले निःशुल्क रुपमा कक्षा सञ्चालन गर्न नसकि उल्टै अतिरक्त कक्षाबाट आउने शुल्कको आस गर्नु पर्ने बाध्यता भएको भन्ने उत्तरहरु छनोटमा परेका ४ वटै विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । आर्थिक अवस्था कमजोर भएका कारण उपयुक्त भवन निर्माण गर्न नसक्नु, पढ्नका लागि उपयुक्त वाातवारण सृजना गर्न नसक्नु, दक्ष्य शिक्षकबाट अध्यापन गर्न नसक्नु जस्ता विविध समस्याहरुले गर्दा अतिरिक्त कक्षा सञ्चालनमा असहजता भएको भन्ने जस्ता उत्तरहरु विद्यालयका शिक्षक, वि.व्य.स. अभिभावक तथा विद्यार्थीसँगको

छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको हुँदा भोलिका दिनमा विभिन्न चन्दा, देउसी भैलो, धनधान्यान्चल जस्ता विविध कार्यक्रमहरुको आयोजना गरी विद्यालयको आर्थिक अवस्थालाई सुदृढ गर्न सकेका खण्डमा थप प्रभावकारी हुन सक्ने भन्ने उत्तरहरु अध्ययनबाट प्राप्त भएको छ ।

माक्स वेवरको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधकार्यमा अभिभावकबाट उठेको सबै शुल्क आफूहरुले प्राप्त नगरेको केही विद्यालयलाई दिनु पर्ने भन्ने उत्तर प्राप्त हुनुका साथै केही विद्यालयमा विद्यालयले शुल्क उठाइ मासिक रुपमा अध्याप गर्न लगाएको जसले गर्दा शिक्षकको सेवा सुविधा अत्यन्त न्यून भएको भन्ने उत्तरहरु विद्यालयका शिक्षकबाट जानकारी प्राप्त भएको छ । भोलिका दिनमा विद्यालमा अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी गराउनका लागि अतिरिक्त कक्षाको शुल्क शिक्षकलाई दिइने व्यवस्था गर्न आवश्यक रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी बनाएर विद्यार्थीको वास्तविक शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि सकेसम्म अतिरिक्त कक्षा शिक्षण निःशुल्क बनाउनु पर्दछ त्यो सम्भव नभएमा न्यून शुल्कमा विद्यार्थीले अतिरिक्त कक्षा लिन पाउने व्यवस्था हुन सकेका खण्डमा थप प्रभावकारी हुन सक्छ भन्ने धारणा अभिभावकबाट प्राप्त भएको छ । विद्यालयले शिक्षकलााई शुल्क लिएर आफैले निःशुल्क रुपमा कक्षा सञ्चालन गर्न नसकि उल्टै अतिरक्त कक्षाबाट आउने शुल्कको आस गर्नु पर्ने बाध्यता भएको भन्ने उत्तरहरु छनोटमा परेका ४ वटै विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । आर्थिक अवस्था कमजोर भएका कारण उपयुक्त भवन निर्माण गर्न नसक्नु, पढ्नका लागि उपयुक्त वाातवारण सृजना गर्न नसक्नु, दक्ष्य शिक्षकबाट अध्यापन गर्न नसक्नु जस्ता विविध समस्याहरुले गर्दा अतिरिक्त कक्षा सञ्चालनमा असहजता भएको भन्ने जस्ता उत्तरहरु विद्यालयका शिक्षक, वि.व्य.स. अभिभावक तथा विद्यार्थीसँगको छलफल एवम् अन्तरक्रियाबाट

जानकारी प्राप्त भएको हुँदा भोलिका दिनमा विभिन्न चन्दा, देउसी भैलो, धनधान्यान्चल जस्ता विविध कार्यक्रमहरुको आयोजना गरी विद्यालयको आर्थिक अवस्थालाई सुदृढ गर्न सकेका खण्डमा थप प्रभावकारी हुन सक्ने भन्ने उत्तरहरु अध्ययनबाट प्राप्त भएको छ । अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी बनाउनका लागि शिक्षकले नियमित कक्षा लिनुका साथै अध्यापन अवधिभर कक्षामा बसेर शिक्षण गर्नु आवश्यक रहेको तथ्य प्राप्त भएको छ । प्रस्तुत शोधकार्यलाई सिद्धान्त अनुसार विश्लेषण गर्दा यस शोधकार्यको तेस्रो उद्देश्य सिद्धान्तसँग मिल्दो जुल्दो नै रहेको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरू

कुनै पनि अध्ययन कार्यका लागि आवश्यक जनसंख्याको छनोट गरेर तथ्यांक संकलनका स्रोत र साधनको प्रयोगबाट तथ्यांक संकलन गरिसकेपछि सोही अनुसार व्याख्या एवम् विश्लेषण गरी अध्ययनका कार्यको सारांश तथा निष्कर्षका अधारमा भोलिका दिनहरुमा के कस्ता कार्यहरु हुन सकेका खण्डमा अझ प्रभावकारी बनाउन सकिन्छ भन्ने जस्ता सुझावहरु प्रस्तुत गर्नु कुनै पनि अध्ययन कर्ताको दायित्व अन्तर्गत पर्ने हुँदा यस अध्ययनका कार्यमा प्राप्त तथ्यांकको व्याख्या एवम् विश्लेषण पश्चात प्राप्त प्राप्त प्रप्तिका अधारमा निम्नानुसारका उपशीर्षकमा निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

सामुदायिक विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्थापन शीर्षकमा गरिएको यस अध्ययन अनुसन्धानमा, सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणको शिक्षणको वर्तमान अवस्था पत्ता लगाउनु, सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणले पारेको प्रभावकारिता पत्ता लगाउनु, सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा शिक्षणलाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु जस्ता उद्देश्यमा प्रस्तुत शोधाकार्यलाई केन्द्रित गरिएको छ ।

माक्स वेवरको सिद्धान्तलाई आधार बनाएर तयार गरिएको प्रस्तुत अध्ययन अनुसन्धान भावनात्मक र लचिलो प्रवृतिले सामान्यिकरण गर्न कठिन महसुस भएकोले यस अध्ययन त्यहाँको प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ । यस अध्ययन गुणात्मक ढाँचाको अनुसन्धानमा आधारित हुने भएकाले खुला प्रश्नावली, प्रत्यक्ष अवलोकन र

लिखित दस्तावेजबाट प्राप्त तथ्याङ्क संकलन गरिएको छ । अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कहरुमा मानिसका विचार धारणलाई वाक्यासंका रुपमा संकलन गरिएको छ । प्रस्तुत शोधपत्रमा दिव्यनगर स्रोतकेन्द्र अन्तर्गत रहेका जम्मा २९ विद्यालयहरु मध्येबाट जम्मा ४ विद्यालयलाई उद्देश्य पूर्ण नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ जसबाट विद्यालयका प्र.अ. १ का दरले ४ जना , कर्मचारी २।२ का दरले ८ जना, स्रोतव्यक्ति १ जना, शिक्षक २।२ का दरले ८ जना, विद्यार्थी प्रतिनिधि ४।४ का दरले १६ जना, वि.व्य.स. अध्यक्ष १ का दरले ४ जना गरी जम्मा ४१ जनालाई अध्ययनको जनसंख्याको रूपमा छनोट गरिएको छ । अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्न तथ्यांक संकलनका प्राथमिक तथा द्धितीय स्रोतलाई आधार मानिएको छ । यस अध्ययन अनुसन्धानमा अन्तरवार्ता प्रश्नावली, अवलोकन फारम जस्ता तथ्यांक संकलनका साधनको प्रयोग गरिएको छ । अध्ययनका लागि छनोटमा परेका अध्ययन स्तलका प्र.अ.,कर्मचारी, शिक्षक, विद्यार्थी, स्रोतव्यक्ति, वि.व्य.स.सँग अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूची मा उल्लेख गरिएका प्रश्नावलीहरुको आधारमा तथ्यांक संकलन गरिएको छ । त्यस्तै गरी द्वितीय तथ्यांक संकलनका लागि विभिन्न लेख रचनाहरु, पत्रपत्रिका, बुलेटिन, शोधपत्र र सम्बन्धित द्यिालयका अभिलेखहरुलाई आधार बनाएर तथ्य संकलन गरिएको छ ।

माक्स वेवरको कर्मचारी व्यवस्थापनको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधकार्य अनुसार तयार गरिएको प्रस्तुत शोधकार्यको पहिलो उद्देश्यलाई विश्लेषण गर्दा छनोटमा परेका ४ वटै विद्यालयमा गणित, अंग्रेजी, सामाजिक, विज्ञान जस्ता विषयमा अतिरिक्त कक्षालिनका लागि विद्यार्थीहरु बढी आकर्षित भएको पाइन्छ । जान्ने र अति कमजोर स्तरका विद्यार्थीहरु विद्यालयमा कक्षा लिनका लागि आउने तर मध्यम स्तरका विद्यार्थीमा अतिरिक्त कक्षा प्रति कम चासो

रहेको तथ्य समेत अध्ययनबाट प्राप्त भएको छ । त्यसैगरी कक्षा १०मा भने सबै विद्यालयमा अनिवार्य रुपमा कक्षा सञ्चालन हुँदै आएको छ ।

अतिरिक्त कक्षा सञ्चालन गर्दा वेवरको सिद्धान्त अनुसार कक्षा सञ्चालन हुन नसकेको तथ्य अध्ययनबाट प्राप्त भएको छ । विद्यालयहरुमा सबै कक्षाहरु सञ्चालन गर्दा योग्य शिक्षक र विषय शिक्षकबाट मात्रै कक्षा सञ्चालन हुनु पर्नेमा साना साना कक्षाहरुमा आफ्नो विषय नभएका शिक्षकहरुले पनि अध्यापन गर्दै आएको भन्ने उत्तरहरु प्राप्त भएको थियो । त्यसैगरी औपचारिक रुपमा कक्षा ८ सम्म पढाएका शिक्षकले अतिरिक्त कक्षा लिँदा कक्षा ९।१० मा अध्यापन गर्दै आएको भन्ने उत्तरहरु पनि अध्ययनबाट प्राप्त भएको छ । विद्यालयमा लिइने अतिरिक्त कक्षामा शुल्क महंगो भएका कारणले अध्यापन गराउन नसकेको भन्ने उत्तरहरु समेत अभिभावकबाट जानकारी प्राप्त भएको थियो ।

अतिरक्त कक्षा सञ्चालन गर्दा विद्यार्थीमा चासो वृद्धि भएको भन्ने उत्तरहरु अध्ययनका क्रममा शिक्षकहरुबाट जनकारी प्राप्त भएको थियो । विशेष गरी कक्षा १० को होस्टलमा राख्दा अभिभावकहरु एक/एक हप्तामा आएर आफ्ना बाबु नानीहरुको सिकाइ क्रियाकलापको बारेमा बुझ्ने गरेको पाइयो । बालबालिकाले के कस्तो पढेका छन्, के के समस्या छन्, सिकाइ उपलब्धि के कसरी वृद्धि गर्न सकिन्छ, सरहरुले के कस्तो निगरानी गर्नु भएको छ भन्ने बारेमा फोन गरेर समेत प्र.अ.हरुलाई सोध्ने गरेको भन्ने उत्तरहरु विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । यसरी विद्यालयमा सञ्चालन गरिएको अतिरिक्त कक्षाले विशेष गरी कक्षा १० मा अध्ययनरत बालबालिकाका अभिभावकमा बालबालिकाको सिकाइ प्रतिको चासो वृद्धि गराएको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

वेवरको कर्मारी व्यवस्थापनको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधकार्य अनुसार तयार गरिएको प्रस्तुत शोधकार्यको दोस्रो उद्देश्यलाई विश्लेषण गर्दा छनोटमा परेका ४ वटै विद्यालयमा अतिरिक्त कक्षा सञ्चालनले विद्यार्थीमा सकरात्मक प्रभाव नै पारेको पाइयो । अतिरिक्त कक्षा शिक्षणबाट परेका प्रभावका बारेमा गरिएको अध्ययन अनुसन्धान अनुसार विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्नमा थप सहयोग भएको भन्ने उत्तरहरु सबै विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । विशेष गरी विद्यार्थीका लागि गाह्रो लाग्ने विषयको मात्र अतिरिक्त कक्षा सञ्चालन गरिने जसले गर्दा बाबलबालिकामा नजान्ने विषयको बढी मात्रामा अभ्यास हुन गई शैक्षिक उपलब्धि वृद्धि भएको भन्ने धारणा शिक्षकहरुको रहेको छ ।

गणित, अंग्रेजी, विज्ञान जस्ता विषयमा बालबालिकाहरुले धेरै मात्रामा नबुझ्ने, यसलाई गाह्रो विषयका रुपमा लिने जस्ता समस्याहरु रहेकोमा अतिरिक्त कक्षाले त्यसलाई केही मात्रामा भए पनि न्यूनीकरण गरेको भन्ने उत्तरहरु अध्ययनबाट प्राप्त भएको छ । बालबालिकाहरुले आफूले नजानेका कुराहरु सोध्नका लागि नडराइकन सोध्न सक्ने गरेको भन्ने जस्ता उत्तहरु ४ वटै विद्यालयबाट जानकारी प्राप्त भएको थियो ।  आफूहरुले नजानेका कुराहरु सोध्नमा अतिरिक्त कक्षा थप प्रभावकारी भएको भन्ने उत्तरहरु स्वयं विद्यार्थीबाट जानकारी प्राप्त भएको छ । औपचारिक रुपमा शिक्षकले अध्यापन गर्दा धेरै विद्यार्थी भएर आफूहरुलाई वास्तै नगर्ने सोधनेको कुरा पनि भन्न नभ्याउने ट्युसन पढाउँदा भने शिक्षकले नजाने सम्म दोहोर्‍याएर पढाइ दिने, जाने नजानेको सोध्ने गरेको भन्ने उत्तरहरु समेत विद्यार्थीबाट प्राप्त भएको थियो । छनोटमा परेका ४ वटै विद्यालयको अवस्थालाई हेर्दा विद्यालयमा सञ्चालन भएको अतिरिक्त कक्षाले शिक्षक तथा विद्यार्थी बिचमा सुमधुर सम्बन्ध कायमका लागि थप सहयोग पुगेको पाइयो । अतिरिक्त कक्षा लिए पछि नजानेका कुरा सोध्न पाइने, शिक्षकले दिएको गृहकार्य पनि अतिरिक्त कक्षामा सरहरुलाई सोधेर गर्न पाइने जसले गर्दा भोलिप्ल्ट स्कुलमा सरहरुको गालि खानु नपर्ने र

पढाएको पनि सहजै बुझिने भएकाले विद्यालय आउन  मन लागेको भन्ने उत्तरहरु स्वयं विद्यार्थीबाट जानकारी प्राप्त भएको  थियो ।

भोलिका दिनमा विद्यालमा अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी गराउनका लागि अतिरिक्त कक्षाको शुल्क शिक्षकलाई दिइने व्यवस्था गर्न आवश्यक रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । भोलिका दिनमा अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी बनाएर विद्यार्थीको वास्तविक शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि सकेसम्म अतिरिक्त कक्षा शिक्षण निःशुल्क बनाउनु पर्दछ त्यो सम्भव नभएमा न्यून शुल्कमा विद्यार्थीले अतिरिक्त कक्षा लिन पाउने व्यवस्था हुन सकेका खण्डमा थप प्रभावकारी हुन सक्छ भन्ने धारणा अभिभावकबाट प्राप्त भएको छ ।  आर्थिक अवस्था कमजोर भएका कारण उपयुक्त भवन निर्माण गर्न नसक्नु, पढ्नका लागि उपयुक्त वाातवारण सृजना गर्न नसक्नु, दक्ष्य शिक्षकबाट अध्यापन गर्न नसक्नु जस्ता विविध समस्याहरुले गर्दा अतिरिक्त कक्षा सञ्चालनमा असहजता भएको भन्ने जस्ता उत्तरहरु विद्यालयका शिक्षक, वि.व्य.स. अभिभावक तथा विद्यार्थीसँगको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको हुँदा भोलिका दिनमा विभिन्न चन्दा, देउसी भैलो, धनधान्यान्चल जस्ता विविध कार्यक्रमहरुको आयोजना गरी विद्यालयको आर्थिक अवस्थालाई सुदृढ गर्न सकेका खण्डमा थप प्रभावकारी हुन सक्ने भन्ने उत्तरहरु अध्ययनबाट प्राप्त भएको छ ।

अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी बनाउनका लागि शिक्षकले नियमित कक्षा लिनुका साथै अध्यापन अवधिभर कक्षामा बसेर शिक्षण गर्नु आवश्यक रहेको तथ्य प्राप्त भएको छ ।  विद्यालयमा अतरिक्त कक्षा शिक्षण गर्दा विद्यालयले नै जिम्मा लिएर शिक्षकहरुलाई मासिक रुपमा शुल्क दिइ निःशुल्क रुपमा कक्षा शिक्षण गर्न सकेका खण्डमा थप प्रभावकारी हुन सक्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ सुझावहरु

यस शोधपत्रको अध्ययनको क्रममा प्राप्त तथ्याङ्को विश्लेषण, विद्यालयसँग सम्बन्धित ब्यक्तिहरुको राय तथा समस्याको समाधान सम्वन्धि सुझाबहरुलाई समेत आधार मानि भोलिका दिनमा अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी गराउन निन्नानुसार सुझाब प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

विद्यालयमा अतिरिक्त कक्षा लाई प्रभावकारी ढंगबाट बाट शिक्षण गर्न शिक्षा आयोगबाट गणित अंग्रेजी विज्ञान जस्ता विषयका लागि अभिरिक्त कक्षा शिक्षणका लागि छुट्टै शिक्षक नियुक्ती गर्ने नीति तय गरी अतिरिक्त कक्षा अध्यापन गर्ने शिक्षकले बिहान बेलुकाको समयमा मात्र अध्यापन गर्ने नीति तय हुन सकेका खण्डमा कमजोर बालबालिकाहरुले पनि नियमित रुपमा अभिरिक्त कक्षा अयापन गर्न पाउनुका साथै एउटै शिक्षकलाई भर नपरी प्रभावकारी ढंगबाट शिक्षण गर्न थप सहयोग पुग्ने देखिन्छ । विद्यालयमा विद्यार्थीको अवस्था पहिचान गरी विद्यालयले सिफारिस गरेका विषयको अतिरिक्त कक्षा अध्यापन गरे अनुसार सरकारी सेवा सुविधाध सरह सेवा सुविधा प्रदान गर्ने नीति सरकारी तवरबाट हुन सकेका खण्डमा अभिभावकमा महंगो शुल्क तिर्नु पर्ने समस्या अन्त्य भइ शिक्षण क्रियाकलाप थप प्रभावकारी हुने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयमा अतिरिक्त कक्षा शिक्षणको प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि शैक्षिक वातावरणको सृजना गर्नु आवश्यक छ । छनोटमा परेका विद्यालयहरुमा शिक्षकहरु तथा कर्मचारी हरुले के कसरी कार्य गरेका छन् ? उनीहरुका समस्याहरु के के छन् भन्ने जस्ता कुराहरुमा विद्यालय प्रशासन एवम् विद्यालय व्यवस्थापन समितिबीच छलफल तथा अन्तरक्रिया गरी समाधानका उपाय निकाल्नु पर्ने देखिन्छ । साथै स्रोतकेन्द्रबाट पनि समय समयमा निरीक्षण तथा अनुगमन गरी सुझाव पेश गर्ने कार्य प्रभावकारी हुन नसको भन्ने उत्तर प्राप्त भएको हुँदा स्रोतव्यक्ति तथा वि.नि.बट

निरीक्षण कार्यलाई प्रभावकारी बनाउने र सुझाव प्रस्तुत गर्ने कार्य गर्न सकेका खण्डमा देखिएका कमी कमजोरी निराकरण गरी उचित तवरले व्यवस्थापन गर्नमा थप सहयोग पुग्ने देखिन्छ । अभिभावकबाट विद्यालयमा के कसरी अतिरिक्त कक्षा सञ्चालन भएको छ भन्ने सन्दर्भमा समय समयमा निरीक्षण तथा अनुगमन गरी सुझाव प्रस्तुत गर्न सकेका खण्डमा थप प्रभावकारी हुने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

विद्यालयमा अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावकारी बनाउनका लागि विद्यालयमा अतिरिक्त कक्षा शिक्षणको वर्तमान अवस्था, अतिरिक्त कक्षा शिक्षणमा अभिभावकको भूमिका, अतिरिक्त कक्षाले विद्यार्थीको शैक्षिक उपलब्धिमा पारेको प्रभाव, अतिरिक्त कक्षा शिक्षण कति ठीक कति बेठीक, अतरिक्त कक्षा शिक्षण र शैक्षिक व्यवस्थापन बिचको सम्बन्ध जस्ता शीर्षकहरुमा गहन अध्ययन अनुसन्धाधन गरी सुझाव प्रस्तुत गर्न सकेका खण्डमा अतिरिक्त कक्षा शिक्षणमा देखिएका कमी कमजोरी न्यूनीकरण भई प्रभावकारी ढंगले शिक्षण गर्न थप सहयोग पुग्ने देखिन्छ ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी विष्णुप्रसाद (२०६९), *सामुदायिक माध्यमिक विद्यालयका चुनौति र अवसरहरु,* www.karnadhaar.org, जेठ २२ सोमबार

इभर्स, जेम्स (२०६६ पौष), *विद्यालयको समस्या शिक्षण होइन व्यवस्थापन,* ललितपुर : शिक्षक मासिक पत्रिका ।

के.सी., भवदेश (२०७५) *शैक्षिक गुणस्तरको मुख्य आधार नै अतिरिक्त कक्षा,* www.hamrosiksha.com, reterived in 14 februuary, 1019.

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), *शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, रेवती (२०७४), *कमजोर विद्यार्थीका लागि अतिरिक्त शिक्षा,* www.hamrosiksha.com, reterived in 27 februuary, 1019.

गुरुगाई, दयानिधि २०७४, *शिक्षकको कमाउने माध्यम ट्युसन कक्षा* www. harmrosarokar.com,reterived in 14 february, 2019

मानन्धर, आनन्दकुमार (२०७३), *विद्यालयमा अतिरिक्त कक्षा ठीक की बेठीक,* www. bikashmanandhar. blogpost.com.np, reterived in 20 february, 2019

तिमिल्सिना, नानुमाया (२०७३), व्यापारिकरण बन्दै शैक्षिक संस्थाहरु, www. hamroneews.com.np, reterived in 7th bebruary, 2019.

थापा, तीर्थबहादुर (२०१२),*शैक्षिक संस्थाहरुमा मानव संशाधन र तनाव व्यवस्थापन, सुर्खेत : सुर्खेत दैनिक,* www. surkhetpatra.blogspot.com, reterived in 12 december 2018.

भट्ट, सन्जय (२०७४) *अतिरिक्त शिक्षा किन र के का लागि* www.sanjogbhatta. blogpost. com, reterived in www. surkhetpatra.blogspot.com, reterived in 12 december 2018.

धामी, केशवसिंह (२०६१), *विद्यालयमा आधारित व्यवस्थापन पद्धतिको आवश्यकता चुनौतीहरु,* कीर्तिपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

राउत, कुमार (२०६१), *संस्थागत तथा सासिमुदायिक विद्यालय व्यवस्थापन एक तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि. शिक्षाशास्त्र संकाय ।

शर्मा, कुवेरनाथ (२०६६), *शिक्षाको दर्शन शास्त्रीय तथा समाज शास्त्रीय आधार,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

एल.पी, (२०७४) *अतिरिक्त कक्षाको दुरुपयोग,* www.lpbarla.blogpost.com.np, reterived in 20 february, 2019

# सामुदायिक विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्थापन

## अनुसूची १

## अवलोकन फाराम

| क्र.सं. | विवरण | उत्तम | ठिकै | नराम्रो |
|---|---|---|---|---|
| 1 | शिक्षकलाई दिने सेवा सुविधा | | | |
| 2 | काम गर्ने वातावरण | | | |
| 3 | काम गर्ने समको निर्धारण | | | |
| 4 | शिक्षकप्रति गरिने व्यवहार | | | |
| 5 | शिक्षकलाई दिइने जिम्मेवारी | | | |
| 6 | शिक्षकलाई प्रदान हुने तालिम | | | |

# सामुदायिक विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्थापन

## अनुसूची ३

## प्र.अ.का लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

**प्र.अ.को नाम** **लिङ्गः** **ठेगाना :**

1. यहाँले प्र.अ. पदमा रही कार्यभार सम्हाल्दै आउनु भएको कति वर्ष भयो ?

   ...................................................................................................

2. यहाँको वद्यालयमा अतिरिक्त कक्षा सञ्चालन भएको छ कि छैन ?

   ...................................................................................................

3. कुन कुन विषयको अतिरिक्त कक्षा सञ्चालन गर्दै आउनु भएको छ ?

   ...................................................................................................

4. अतिरिक्त कक्षा सञ्चालनमा के कस्ता समस्याहरु रहेका छन् ?

   ...................................................................................................

5. अतिरिक्त कक्षा शिक्षणमा प्रभाव पार्ने तत्वहरु के के हुन सक्छन् ?

   ...................................................................................................

6. अतिरक्त कक्षा सञ्चालन प्रति शिक्षक तथा अभिभावकको धारणा के कस्तो पाउनु भएको छ ?

   ...................................................................................................

7. अतिरिक्त कक्षा के कसरी सञ्चालन गर्ने भन्ने सन्दर्भमा समय समयमा छलफल तथा अन्तरक्रिया हुने गरेको छ ?

   ...................................................................................................

8. भोलिका दिनमा के कस्ता क्रियाकलाप गर्न सकियो भने अतिरिक्त कक्षा शिक्षण थप प्रभावकारी हुन सक्दछ ?

# सामुदायिक विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्थापन

## अनुसूची २

### स्रोत व्यक्तिका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

**स्रोतव्यक्तिको नाम :** **ठेगानाः**

1. यहाँले स्रोतव्यक्ति भएर कार्य गर्दै आउनु भएको कति समय भयो ?

   ....................................................................................................

2. विद्यालयमा अतिरक्त कक्षाको अवस्था के कस्तो पाउनु भएको छ?

   ....................................................................................................

3. अतिरिक्त कक्षा के कसरी सञ्चालन गरिएको छ भन्ने बारेमा विद्यालय प्र.अ., शिक्षक तथा वि.व्य.स सँग छलफल एवम् अन्तरक्रिया गर्ने गर्नु भएको छ?

   ....................................................................................................

4. प्राय विद्यार्थीहरु कुन कुन विषयको अतिरक्त कक्षा अध्ययन गरेको पाउनु भएको छ?

   ....................................................................................................

5. अतिरिक्त कक्षा शिक्षणमा के कस्ता समस्याहरु रहेको पाउनु भएको छ ?

   ....................................................................................................

6. विद्यालयमा अतिरिक्त कक्षालाई प्रभाव पार्ने तत्वहरु के के हुन सक्छन् ?

   ....................................................................................................

7. भोलिका दिनमा के कस्ता क्रियाकलाप गर्न सकेका खण्डमा अतिरिक्त कक्षा शिक्षणलाई थप प्रभावबारी बनाउन सकिएला ?

   ....................................................................................................

# सामुदायिक विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्थापन

## अनुसूची ४

## शिक्षकका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

**शिक्षकको नाम** **लिङ्गः** **ठेगाना :**

1. यहाँले शिक्षण पेशामा अवद्ध हुँदै आउनु भएको कति समय भयो ?

..............................................................................................................

2. यहाँको विद्यालयमा अतिरक्त कक्षाको व्यवस्थापन के कस्तो छ ?

..............................................................................................................

3. अतिरक्त कक्षा अन्तर्गत कुन कुन विषयको अध्यापन गर्दै आउनु भएको छ?

..............................................................................................................

4. अतिरक्त कक्षा सञ्चालन गर्दा विषय शिक्षकले नै अध्यापन गराउनु हुन्छ कि एउटै शिक्षकले धेरै विषय अध्यापन गर्ने गर्नु हुन्छ ?

..............................................................................................................

5. अतिरक्त शिक्षकलाई दिइने सेवा सुविधा के कस्ता छ ?

..............................................................................................................

6. अतिरिक्त कक्षाको व्यवस्थाप कसले गर्दै आएको छ ?

..............................................................................................................

7. अतिरिक्त कक्षा व्यवस्थानमा यहाँको भूमिका के कस्तो रहेको छ ?

..............................................................................................................

# सामुदायिक विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्थापन

## अनुसूची ७

### विद्यार्थीका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

**नाम** **लिङ्गः** **ठेगाना :**

1. तिमी कति कक्षामा अध्ययनरत छौं ?

.............................................................................................................

2. तिम्रो विद्यालयमा कुन कनु विषयको अतिरिक्त कक्षा अध्यापन हुने गरेको छ ?

..................................................................................................

3. अतिरिक्त कक्षा अध्यापन गर्दा के कसरी अध्यापन गर्नु हुन्छ ?

.............................................................................................................

4. अतिरिक्त कक्षा अध्यापन गर्दा विषय शिक्षकले नै अध्यापन गर्नु हुन्छ ?

...................................................................................................

5. अतिरिक्त कक्षा अध्ययन पश्चात शैक्षिक उपलब्धि वृद्धि भएको छ ?

.............................................................................................................

6. अतरिक्त कक्षामा के कस्ता समस्याहरु रहेका छन् ?

.............................................................................................................

.............................................................................................................

7. अतिरिक्त कक्षाको व्यवस्थाप कसले गर्दै आएको छ ?

............................................................................................................

8. अतिरिक्त कक्षा व्यवस्थानमा यहाँको भूमिका के कस्तो रहेको छ ?

..........................................................................................................

# सामुदायिक विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्थापन

**अनुसूची ५**

**अभिभावकका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली**

**नाम** **लिङ्ग:** **ठेगाना :**

१.. तपाईंका बाबु नानीहरु कति कति कक्षामा अध्यनय गर्नु हुन्छ ?

.........................................................................................................

२. यहाँको विद्यालयमा अतिरक्त कक्षाको व्यवस्थापन के कस्तो छ ?

.........................................................................................................

३. अतिरक्त कक्षा अन्तर्गत कुन कुन विषयको अध्यापन गर्दै आउनु भएको छ?

.........................................................................................................

४. अतिरक्त कक्षा सञ्चालन गर्दा विषय शिक्षकले नै अध्यापन गराउनु हुन्छ कि एउटै शिक्षकले धेरै विषय अध्यापन गर्ने गर्नु हुन्छ ?

.........................................................................................................

५. अतिरिक्त कक्षा सञ्चालन सम्बन्धमा छलफल तथा अन्तरक्रिया हुने गरको छ ?

..........................................................................

६. यदि छैन भने नहुनुका कारण के के हुन सक्छन् ?

...............................................................................

७. अतिरिक्त कक्षाको व्यवस्थाप कसले गर्दै आएको छ ?

.......................................................................................................

8. अतिरिक्त कक्षा व्यवस्थानमा यहाँको भूमिका के कस्तो रहेको छ ?

....................................................................................................

९. भोलिका दिनमा अतिरिक्त कक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउने उपाय के के हुन सकछन् ?

..................................................................................

# सामुदायिक विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्थापन

## अनुसूची ६

## वि.व्य.स. अध्यक्षका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

**नाम** **लिङ्गः** **ठेगाना :**

१. यहाँले व्यवस्थापन समितिको अध्यक्ष पदमा कार्यभार सम्हाल्दै आउनु भएको कति समय भयो ?

............................................................................................................

२. यहाँको विद्यालयमा अतिरक्त कक्षाको व्यवस्थापन के कस्तो छ ?

............................................................................................................

३. कुनु कुन विषयको अतिरिक्त कक्षा सञ्चालन हुने गरेको छ ?

............................................................................................................

४. अतिरिक्त कक्षा सञ्चालनका क्रममा वि.व्य.स. सहित, शिक्षक, अभिभावक र विद्यार्थी बिच छलफल तथा अन्तरक्रिया हुने गरेको छ ?

.........................................................................................

५. विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन प्रभावकारी नहुनुका कारणहरु के के हुन सक्छन् ?

.................................................................................

६. अतिरिक्त कक्षा के कसरी सञ्चालन भएको छ भन्ने सन्दर्भमा छलफल तथा अन्तरक्रिया हुने गरेको छ ?

.............................................................................................

७. यदि छैन भने हुन नसक्नुका कारणहरु के के हुन सक्छन् ?

८. अतिरक्त कक्षाले विद्यार्थीको शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारेको पाउनु भएको छ ?

........................................................................................

९. विद्यालयमा अतिरिक्त कक्षालाई प्रभावकारी बनाउन के कस्ता उपायहरु अपनाउन सकिन्छ ?

.................................................................................................